## परिच्छेद- एक

# शोध परिचय

## १.१ शोधपत्रको शीर्षक

यो शोधपत्रको शीर्षक "बझाङ्ग जिल्ला कालुखेती गा.वि.स.मा गाइने माङलको संङ्कलन र विश्लेषण" रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्रको कार्य त्रि.वि.मानविकि तथा सामाजिक संङ्काय अन्तर्गत स्नातकोतर तह दोस्रो वर्षको दशौं पत्र ५१०.१ प्रयोजनकालागि तयार गरिएको छ ।

## १.३ विषय प्रवेश

लोकको आत्मालाई नै लोकसाहित्य भनिन्छ । लोकसाहित्य इतिहास र लोक जीवनको चित्र हो । लोकका भावना व्यक्त गर्ने अभिव्यक्तिका रुपमा लोकसाहित्य लाई मान्न सकिन्छ । यसरी लोकसाहित्यले लोकवासीको रहन सहन, रीतिरिवाज, लवाइखवाइ, आर्थिक धार्मिक, सामजिक सहिष्णुता सुख दुःखका वेदना देवी देवताको गुणगान लोक सहित्यका विभिन्न विधावाट गरेको छ । त्यसमा पनि लोकगीतको उपविधामा रहेको माङलले सुदूरपश्चिम क्षेत्रलाई अति प्रभावित तुल्याई मौलाएको पाईन्छ । भाषाका दृष्टिले केही फरक देखिने माङल गीतलाई डडेल्धुरामा फाग, बैतडी, दाचुर्लामा सगुन फाग, अछाम, बाजुरा र बझाङ्गमा माङल भनिने उक्त शब्दहरुको भावगत आशय एउटै मानिन्छ । विशेष कामको थालनीमा होस् । चाहे धार्मिक संस्कारगत कर्ममा र विषेश कामको थालनी गर्दा होस् नारीहरुले यो गीत गाउने गर्दछन् । यस गीतलाई गाउने नारीलाई मङ्ल्यारी भन्ने चलन छ ।यसमा मङ्गलको कामना तथा कर्ताले गरेको कार्यमा सफलता मिलोस् भन्ने इच्छा व्यक्त गरिएको हुन्छ ।यस गीतलाई बझाङ्ग कालुखेतीका जनताले माङल कार्यको थालनीको अनिवार्य साधन मानेका छन् । माङलको संरचना धेरै छोटो छोटो हुन्छ । कतै कतै अन्त्यानुप्रास मिलेको भएता पनि धेरै जसोमा पहिला पङ्क्ति लामो र दोस्रो पङ्क्ति छोटो हुन्छ ।

बढी धार्मिक आस्था देवी देवताको नाम पुकार्ने माङल अलग अलग काममा दोहोरिने गरेका छन् । माङल गीत गाँउदा मङल्यारी कुनै नृत्य र हाउभाउ गर्दैनन् । त्यसको सट्टामा उनीहरु लामो र मीठो स्वरमा आफूलाई बढी दुःख परेको जस्तो गरी एउटा हात आफ्नै

चिउडोमा र गालामा अड्काइ हँसिलो भन्दा पनि वढी भावुक देखिन्छन् । एक गाँउमा मङल्यारीको संख्या २/३ जना मात्र हुने गर्दछन् । मङल्यारीको भावुक स्वर र माडलको आशयले पनि सबैलाई भावुक पारेका हुन्छन् ।

## १.४ शोधको समस्या कथन

यस जिल्लाको नाम उचो पार्न यहाँका चाडपर्व धार्मिक कार्य संस्कारगत कर्मले प्रमुख भूमिका खेलेको छ । वर्तमान बाह्य संस्कृतिले माडललाई प्रभावित तुल्याउनु र नयाँ पिढीलाई चासो नहुनु प्रमुख कारण हो ।

पहिलेको भन्दा कमै मात्रामा देखिने यस्ता माडलको संरक्षण संर्वद्धन प्रचार प्रसार गर्नु मुख्य समस्या रहेको छ । नेपाली भाषासँग सामिप्य रहेको बझाङ्गी भाषिकामा गाइने यी माडलको लोप हुनु भनेको यसको भाषा रीतिरिवाज चाडपर्व हराउनु हो । पुरै सुदूरपश्चिमा तथा डोटेली संस्कृति हराउनु सरह नै हुन्छ । यसलाई जोगाउन यहाँका मड्ल्यारीको खोजी का साथै लोपोन्मुख माडलको संकलन गरी प्रकाशमा ल्याउनु जरुरी भएकाले यो शोधपत्र तयार गरिएको छ । यसमा निम्न समस्या देखिन्छन्-

- . बझाङ्ग कालुखेती क्षेत्रमा के कस्ता माङल प्रचलित छन् ?
- . माडलका विषेशता र महत्व के कस्तो छ ?
- वझाङ्ग कालुखेती क्षेत्रका प्रचलित माङललाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?
- फाग र सगुनसंग माङलको के सम्वन्ध छ ?
- माङलको ऐतिहासिकता र विकासक्रम कस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्य

साहित्य र इतिहासको आत्मा भएको लोक साहित्य हो । बझाङ्ग कालुखेतीका माडलको संकलन गरी लिखित रुपमा प्रस्तुत गर्ने काम कतैबाट भएन । मौखिक परम्परामै हस्तानन्तरण हुदै आएका छन् । त्यसकारण माङललाई लिपिबद्ध गरेर नेपाल अधिराज्य भरि फैलाउनु शोधको मुख्य उद्देश्य रहेकोछ । जसले गर्दा कालखेती मात्र नभई पुरै बझाङ्गी भाषिका, संस्कृति, चाडपर्व, धार्मिक संस्कारगत रीतिरिवाज , चालचलन परम्पराको प्रचारप्रसार तथा संरक्षण गर्नु पनि मुख्य

उद्देश्य हो यसका साथै माङल गीतलाई विश्वविद्यालयको नेपाली लोकसाहित्यको पाठ्यक्रममा सुदूरपश्चिमेली डोटेली लोक साहित्यलाई समावेश गराउनु अर्को उद्देश्य हो ।

- . बझाङ्ग कालुखेतीका माङलका विशेषता र महत्व पहिचान गराउनु ।
- . माङलका वर्गीकरण गर्नु ।
- वझाङ्ग कालुखेती का माङलको संङ्कलन तथा विश्लेषण गर्नु ।
- वझाङ्ग कालुखेतीका माङललाई फाग सगुन तथा अन्य क्षेत्रका माङल फाग , सगुन संग तुलना गरी चिनारी गराउनु ।
- बझाङ्ग कालुगखेतीका माङलको ऐतिहासिकता र विकासक्रमको खोजी गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विभिन्न विधाहरू छन् । ती विधाहरूमा बेला बेला विद्वानहरूले शोधपत्र प्रतिवेदन तयार पारिसकेका छन् । तर बझाङ्ग जिल्ला कालुखेती गा.वि.स. मा गाइने माङलका बारेमा अध्ययन भएको पाइदैन । यो अध्ययन नै यस शोधपत्रको समीक्षाको विषय रहेकोछ।लोक साहित्यका क्षेत्रमा भएका कार्यको केही समीक्षाः-

- जयराज पन्तले "अञ्जुलीभरि सगुन पोल्टाभरि फाग" (२०५५) कृति प्रकाशन गरी माङ्गलिक गीतको कमी देखिदैन । यति भएर पनि भाषागत हिसाबले बझाङ्गी भाषिकाका माङल परेका छैनन् । अर्कोतिर उहाँले गरेका माङ्गलिक गीतलाई बझाङ्ग जिल्लाको कालुखेती गा.वि.स मा माङल भन्छन् भने फाग भन्ने चलन छैन । बझाङ्गी भाषाका माङगल समेटिएको देखिदैन । [१]
- कृष्णप्रसाद पराजुलीको "नेपाली लोकगीतको आलोक" २०५७ मा नेपाल अधिराज्यमा गाईने गीतहरुको व्यापक चर्चा परिचर्चा गरिएको छ । त्यसमा पनि डोटेली फाग र सगुनको केही र कतै टिपोट गरिएको छ तर बझाङ्गी भाषिकालाई भने समेटिएको देखिदैन । [२]
- विजय चालिसे "डोटेली लोक संस्कृति र साहित्य" (२०३९) मा पेज नं.१६० देखि डोटेली लोकगीत देउडाको वर्गीकरण श्रमगीत, ठुस्को, वालगीत, भैलो, लोककथा, गाउँखाने कथा, उखान टुक्का, डोटेली शब्द, भुवाका गीत, सवाइ, चैत, धमारी, भोलाउलो संकलित गरेको भएता पनि संस्कारगत माङल र धार्मिक माङल यस

१ पन्त, जयराज, **अञ्जुलीभरि सगुन पोल्टाभरि फाग**, काठमाडौं : ने.रा.प्र.प., २०५५ ।

२ पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौ : वीणा पूस्तक प्रा.लि., २०५७ ।

क्षेत्रका जम्मा ५ माडल मात्र समेटेका छन् । जसको व्याख्या विवेचना प्रकाशनमा ल्याउन सकेका छैनन् । साथै ठेट डोटेली शब्दमा माडलको समेत अर्थ लेखेका छैनन् । [३]

- तेजप्रकाश श्रेष्ठ ''अछामी लोक साहित्यमा''माडलका वारेमा केही कुरा उठाउनु भएको देखिदैन् । [४]
- डा. चुडामणि वन्धुले" नेपाली लोक साहित्य" २०५८ नामक पुस्तकमा माडलको परिचय र परिभाषा उल्लेख भएता पनि कर्णाली क्षेत्रका ४ माडल र डोटीको १ सगुन र २ फाग सम्म उल्लेख गर्नु भएको  छ तर बझाङ्गका माङल समेटिएको देखिदैन । [५]
- यस क्षेत्रका लेखक श्याम खड्का, मानबहादुर सिंह पहाडी ,देवीचन्द्र जैशीले लोक साहित्यको संकलन गरे पनि माङलको बारेमा खासै विश्लेषण गरेको छैन । [६]
- देवकान्त पन्त २०३२ सालमा २०७ पृष्ठ लामो महान कृति " डोटेली लोक साहित्य" प्रकाशित गर्नु भयो त्यसमा महाकाली अञ्चलका  फागहरुको ,चैत, धमारी भोलाउलो संकलन र  विश्लेषण गरे तापनि बझाङ्गी उपभाषिकाको माडलको चर्चा गरेको पाइदैन । [७]
- तुलसी प्रसाद पण्डित "सेती महाकाली चाँडपर्व लोक साहित्य" मा केही धार्मिक माङल संकलन गरेको छ तर तिनको वर्गीकरण विश्लेषण, महत्व, विशेषताको मूल कुरा पत्ता लागाइ नेपाली साहित्यसम्म  पुऱ्याउन सकेको छैन । [८]

## १.७. शोधकार्यको औचित्य

बझाङ जिल्लाका विभिन्न स्थान र क्षेत्रका माङल सम्वन्धमा चिनारी दिने कार्य भए तापनि कालुखेती गा.वि.स. मा गाइने संस्कारगत गीत  र  धार्मिक  कार्यमा  माङलको  बारेमा

३. चालिसे, विजय, **डोटेली लोकसंस्कृति र सहित्य,** काठमाडौ : साझा प्रकाशन, २०३९ ।

४. श्रेष्ठ, तेजप्रकाश, **अछामी लोक साहित्य**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४ ।

५. बन्धु, डा. चुडामणि, **नेपाली लोक साहित्य**, काठमाडौं : एकता बुक्स पाचौं संशोधन, २०५८ ।

६. खड्का, श्याम र पहाडी, मानसिंह, **बझाङ्गका किंवदन्ति र इतिहास,** काठमाडौं : फाग लहरी महेन्द्रनगर देविचन्द जैसी सुमोपाख्यान कञ्चनपुर महाकाली, २०५८ ।

७. पन्त, देवकान्त, **डोटेली लोक साहित्य एक परिचय,** काठमाडौ : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. कीर्तिपुर, २०३३ ।

८. पण्डित, तुलसीप्रसाद, **सेती महाकाली चाडपर्व र लोक साहित्य,** मुद्रण जगदम्बा छापाखाना, महेन्द्रनगर ।

पर्याप्त खोज अनुसन्धान नभएकाले वभ्काङ जिल्लाको कालुखेती गा.वि.स का माङललाई खुट्याउदै माङल अध्ययन विश्लेषण गरेर तयार पारेको यो शोधपत्र औचित्यपूर्ण हुनेछ। वभ्काङ जिल्लाका माङलको परम्परा बारे ऐतिहासिकताको निरुपण भएको छ । क्षेत्रीय परम्परामा पुऱ्याउने हिसाबले यसको महत्व रहेको छ । भविष्यमा यस क्षेत्रमा शोध गर्नचाहने शोधार्थीहरुलाई आवस्यक वाटो देखाउने भएकाले यस शोधकार्यको औचित्य महत्व शिद्ध भएको छ ।

## १.८ सामग्री सङ्कलन

यो शोधपत्र मुख्यतया  दुई किसिमले सामग्री संकलनगरी तयार पारिएको छ ।

***(क) पुस्तकालय पद्धति***

यो शोधपत्र तयार गर्दा विभिन्न ठाँउमा अवस्थित पुस्तकालयमा रहेका शोधपत्रसँग सम्बन्धित पत्रपत्रिका तथा  पुस्तकहरु अध्ययन गरी चाहिँदो सामग्री संकलन गरेर शोध निर्देशक तथा अन्य विशेषज्ञसँग सल्लाह र सुभ्काव लिएर तयार गरिएको छ ।

***(ख) क्षेत्रीय पद्धति***

यो शोधपत्र एक क्षेत्रमा केन्द्रित रहेर गरिने हुँदा बभ्काङ्ग कालुखेती धार्मिक कार्य, कृषि घरेलु कार्यको थालनीका दिन प्रत्यक्ष संलग्न भै टिपोट गर्नुका साथै मडल्यारीलाई भन्न लगाई प्रश्नोत्तरात्मक एवं संवादात्मक पद्धतिको प्रयोग गरी तयार गरिएको छ।

## १.९. सीमा निर्धारण

यो शोधपत्र बभ्काङ्ग जिल्ला कालुखेती गा.वि.स.मा गाइने माङल विशेष अध्ययन शीर्षकमा तयार गरिएको हुनाले यसको सीमा बभ्काङ्ग जिल्लाको कालुखेती गा.वि.स.  मा प्रचलित माङलको अध्ययनमा सीमित रहेको छ ।

## १.१० शोधपत्रको रुपरेखा

यो शोधपत्र छ अध्यायमा विभाजन गरी तयार गरिएको छ ।

पहिलो अध्याय - शोध परिचय

दोस्रो अध्याय- लोक साहित्यको सैद्धान्तिक परिचय

तेस्रो अध्याय- माडलको सैद्धान्तिक परिचय

चौथो अध्याय- माङलको  संकलन

पाँचौ अध्याय - माङल गीतको अध्ययन विश्लेषण

छैठौ अध्याय  - उपसंहार

१. परिशिष्टाङ्क

२. बझाङ्गी उपभाषिकाको शब्द भण्डार

३. सन्दर्भ ग्रन्थ सूची ।

परिच्छेद दुई

# लोकसाहित्यको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्यको परिचय

लोक साहित्य शब्द लोक+साहित्य द मिलेर वनेको शब्द हो । लोकवासीको जीवनको चित्र भएको साहित्य र लोकका मानिसहरुका सम्पूर्ण भावना व्यक्त गर्ने भाषागत अभिब्यक्ति भएको साहित्य लोकसाहित्य हो । लोकको अर्थ संसार साहित्य भनेको संसारमा बस्ने मानव ह्रदयका भावना अभिव्यक्ति गर्ने रचनालाई लोकसाहित्य भनिन्छ । लोक साहित्य मानवजीवनको इतिहास मान्न सकिन्छ । जुन परम्पराकाल देखि अलिखित रुपमा एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुन्छ । साहित्य शब्द संस्कृत भाषाको "सहित" बाट वनेको हो ।सहित शब्दमा यत् प्रत्पय लागेर साहित्य शब्दको निर्माण भएको हो । यसरी साहित्य शब्दले सहभाव अर्थात संग हुने भाव बुझाउँछ । अर्काको हितमा लेखेको रचना नै साहित्य हो ।साहित्यमा शब्द र अर्थको मिलन हुन्छ , भाव र विचार को सम्मिलन हुन्छ । कल्पना र भावनाको योग हुन्छ ।"भामहले शब्द र अर्थको यथावत् सहभाव नै साहित्य हो भनेका न् । त्यस्तै विश्वनाथले सहित्यमा सहितम् साहित्यम् -अर्काको भलोहुने कुरा नै साहित्य हो भन्ने कुरा साहित्य दर्पणमा उल्लेख गरेका छन् । लोक सहित्यले समाजमा गुरुको स्थान ओगटेको हुन्छ । लोक सहित्यमा लोकवासी सुख,दु:ख,आँशु, हाँसो,घामपानी, सबै थोक हुन्छ । साथै यो समाजको साझा सम्पति पनि हो । लोक सहित्यले सामाजलाई दिशा निर्देश गर्ने मुख्य विधा भएकाले यसवाट लोकवासी सुन्दर जीवन बिताउन सक्छन् । लोक साहित्यका वारेमा विभिन्न विद्वान्हरूले आफ्नै ढङ्गले परिभाषा दिएर चिनाउने काम गरेका छन् ।

## २.२- लोक सहित्यको परिभाषा

लोक साहित्यको परिभाषा विचारकहरुले. आ-आफ्नै किसिमले दिएका छन् । हाम्रो लोक साहित्यलाई पश्चिमा "फक्लोर" शब्दबाट विकसित भएको मानिन्छ । युरोपेली विद्धान जोन आब्रेले सबैभन्दा पहिले जनताका रीतिरिवाज , रहन सहन आदि कुराको अध्ययन गरेका हुन् । भारतीय विद्वान डा-कृष्ण देव उपाध्यायका भनाइमा सभ्यताको प्रभावबाट टाढा रहने आफ्ना सहज अवस्थामा वर्तमान निरक्षर जनताका आशा.निराशा हर्ष, विष्मात, जीवन, मरण, लाभ, हानी, सुख, दु:ख आदिको अभिव्यञ्जन जुन साहित्यमा प्राप्त हुन्छ । त्यसैलाई लोकसाहित्य

भनिन्छ । नेपालका लोक साहित्यकार विद्धान् धर्मराज थापा र हंसपुरे सुवेदीको भनाइ यस्तो छ "लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो । त्यस्तै विद्धान् साहित्यकार सत्यमोहन जोशीका अनुसार वास्तबमा लोकसाहित्य त्यो साहित्य हो, जसमा नेपालीहरुको विशुद्ध लोकसंस्कृति छ, उन्नतकला छ, आफ्नै मौलिक शैली छ । अझ थप यस नेपाली लोकसाहित्यमा सत्यम् शिवम सुन्दरम्को रुपमा नेपाली नृत्य नेपाली संगीत र नेपाली कविता पनि छ । नेपाली छन्द, लय, ताल, सुर भावमा ढालिएका छन् । यसैगरी तेज प्रकाश श्रेष्ठले [१] गाँउघरमा अशिक्षित समाजमा गाइने गीत कथा र उखान टुक्कालाई हामी सामुहिक रुपमा लोकसाहित्य भन्दछौँ । माथिका सम्पूर्ण विद्धान्हरूका परिभाषालाई अध्ययन गर्दा के बुझिन्छ भने लोकसाहित्य कसैको पेवा नभएर लोकवासीको साझा सम्पति हो ।

लोकसाहित्यको आफ्नै मौलिक र मौखिक परम्परा छ । यस साहित्यको रचना व्यक्ति विशेष नभै समूहलाई मान्नु पर्छ । लोकसाहित्यमा मौलिकता हुने भएकाले यसको अध्ययनबाट कुनै जाति समाजको अदिम वृतिलाई खोजबिन गर्न तथा सभ्यता सस्कृति सामाजिक स्थितिको ज्ञान हाँसिल गर्न सकिन्छ । लोक साहित्य लोकभाषामा अभिव्यक्त हुन्छ । त्यसकारण यस साहित्यलाई सभ्य साहित्यका रुपमा मान्न सकिन्छ ।

## २.३ लोकसहित्यको विधागत परिचय

मानव जीवनका हरेक क्रियाकलापहरु लोकसाहित्यका हरेक विधा मार्फत अभिव्यक्त भएका हुन्छन् । लोकवासीहरु रमाइलोकालागि परम्परा कालदेखि नै चाडपर्व धार्मिक उत्सव संस्कारकर्म मनाउदै आएका हुन्छन । त्यसमा पनि कृषि कार्यलाई प्रमुख रुपमा लिएका छन् । उक्त कार्यहरु सम्पन्न गर्दा लागेको थकान मेटाउन उखान टुक्का गाउँखाने कथा लोककथा नाटक गथा मीठा-मीठा गीतहरु सुन्ने तथा सुनाउने गर्छन् । विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुले लोकवासीका यिनै क्रियाकलाप भाषा प्रस्तुति आदि विभिन्न कुरालाई आदर मानी लोकसाहित्यको बर्गीकरण गरेका छन् । नेपाली भाषामा लोकसाहित्यलाई ७ प्रकारका प्रमुख विधामा वर्गकिरण गर्न सकिन्छ ।

९. श्रेष्ठ तेजप्रकास २०४४ अछामि लोकसाहितय काठमाण्डौ रत्नपुस्तक भण्डार

१. लोकगीत

२. लोकगाथा

३. लोककथा

४.लोकनाटक

५. उखान

६. टुक्का

७. गाउँखानेकथा

**लोकगीतको परिचय**

लोकगीतलाई लोकसहित्यको सबै भन्दा जेठो विधा मनिन्छ। बझाङ जिल्ला लोकगीतको उद्‌गम स्थल भएकाले यहाँका गीतले पुरै जिल्लाको लोकजीवनको परिचय दिइरहेका हुन्छन् । यहाँ गाइने लोकगीत लाक्षणिक र अभिधा ब्यञ्जनाले भरिपूर्ण हुन्छन् । बझाङमा प्रचलित लोकगीतवाट यस क्षेत्रका ठिटाठिटीहरु माया र प्रेममा बाँधिन खोज्दा कुनै अर्कैसंगको प्रेममा बाँधिन पुग्दा आफ्नो वह पोख्न गीतका माध्यमबाट यसरी पोखेको छ।

सुइनाकी फूल दिन्या राउँ राउँ भन्दाई गलिगयाँ

प्रीति न हुन्दिन्या को बैइरी अन्तर पस्यो ॥

## २.३.१.१ लोकगीतको परिभाषा

साधारण अर्थमा लोकले गाउने वा लोककोगीतलाई लोकगीत भनिन्छ। विभिन्न देशका विद्धानहरुले लोकगीतको परिभाषा यसरी गरेका छन्। इन्साईक्लोपिडिया ब्रिटेनिका ( उपाध्याय ९:४४७-४४८का अनुसार आदि मानवका उल्लासमय संगीतलाई नै लोकगीत भनिन्छ। )

लोकगीत त आफै आफ जन्मिएका (बनेका) हुन् । ग्रिमलोकगीत कुनै संस्कूतिको मुख जवानी (मुखैमुख बोलिने ) चित्र हुन्।

बासुदेव भरण अग्रवाल (आजकल नोवेम्बर १९५१)

जनजीवनका आधारभूत संस्कारहरु र धार्मिक भाव तथा संकलित चेतनाको उपज हो । लोकगीत नै हाम्रो काव्य परम्पराको प्रारुप पनि हो ।

डा. बासुदेव त्रिपाठी (मन्तव्य नेपाली राष्टिय लोकगीत क १२) [१०]

"धर्तीका काखमा सुख-दुख भोग्दै रमाएका असंख्य जनताका ह्दयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सल्बलाउने अविच्छिन्न तथा सहज प्रवाह नै लोकगीत हो ।"

कृष्णप्रसाद पराजुली

### २.३.१.२ लोकगीतको वर्गीकरण

यस क्षेत्रमा कलम चलाउने विभिन्न विद्वानहरुले लोकजीवनका साझा अभिव्यक्तिलाई समेटेर विभिन्न आधारमा लोकगीतको बर्गीकरण गरेका छन् । भारतीय लोकसाहित्यका अध्येताहरुमा डा. कृष्णदेव उपाध्यायले [११] लोकगीतलाई ६ भागमा बाँडेका छन् ।

१ संस्कार सम्वन्धी गीत

२ ऋतु सम्वन्धी गीत

३ श्रम सम्वन्धी गीत

४ जाति सम्वन्धी गीत

५ व्रत सम्वन्धी गीत

६ विविध गीतहरु

सत्यमोहन जोशीले लोकगीतलाई आठ वुँदामा वर्गीकरण गरेका छन् । [१२]

१. भजनका रुपमा गाईने  लोकगीत (जस्तो चुड्का,वालुन )

२. नृत्यसंग गाँसिएका लोकगीत ( जस्तो सोरठी, मारुनी, घाटु )

---

१०. त्रिपाठी। डा. वासुदेव, **मन्तव्य राष्ट्रिय लोकगीत क १२** ।

११. उपाध्याय, डा. कृष्णदेव, **लोकसाहित्यकी भूमिका,** इलाहावाद साहित्यभवन प्रा.लि पृष्ठ ६२/६३, १९०० ।

१२. जोशी, सत्यमोहन, हाम्रो लोकसाहित्य काठमाडौ : २०१४ ।

३. प्रेममय जीवनसँग गाँसिएका लोकगीत (जस्तो सोरठी )

४. चाडबाडसँग समन्वय भएका लोकगीत (जस्तो संगिनी, देउसीरे)


५. सामयिक लोकगीत (जस्तो मालश्री, दाँईगीत )

६. युद्धक्षेत्रमा प्रण सञ्चार गर्ने लोकगीत ( जस्तो कर्खा )

७. कथा गाँसिएका लोकगीत ( जस्तो चरित्र )

८. उत्सवामा झिकिने लोकगीत ( जस्तो चरित्र, रत्यौली)

नेपाली लोकसहित्यका क्षेत्रमा चर्चित विज्ञ डा. कृष्णप्रसाद पराजुलीले[१३] गरेको वर्गीकरण यस्तो छ ।



१३. पराजुली, कृष्णप्रसाद, पूर्ववत, पृष्ठ १४९ ।

मानिसले जीवनमा थुप्रै अनुभव गरेका हुन्छन् । उसको सामाजिक, आर्थिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, चालचलन, रीतिरिवाजसँग प्रत्यक्ष घुलमिल रहेको हुन्छ । सुःख दुःखको मनोरन्जनको साथी लोकगीतलाई मान्ने गर्छ । माथिका लोकगीतका वर्गीकरणलाई हेर्ने हो भने एकरुपता पाईएको छैन । त्यसैले यसमा एकरुपता आउन जरुरी
देखिन्छ । लोकगीत लोकवासिको बैसाखी हुनेभएकाले यसलाई वर्गीकरण गर्ने आधारहरु धेरै छन् ।

यसरी माथि विभिन्न विद्वानहरूका वर्गीकरण उल्लेख गरिएता पनि मेरो विचारमा लोकगीतहरुलाई यसरी वर्गीकरण गरेर देखाउन सकिन्छ ।

- एकल गीत
- सामुहिक गीत
- सुख दुःखका गीत
- क्षेत्रीय जातिय गीत
- कर्मगीत
- दोहरी गीत
- संस्कार गीत
- थेगो गीत
- घोचिला पेचिला लामाछोटा सवै गीत
- ठाडो भाकाका गीत

## २.३.२. लोककथाको परिचय

लोककथाहरु विशेष गरी मनोरञ्जनात्मक ज्ञान बर्द्धक काल्पनिक तथा औपदेशिक हुने गर्छन् । एक जनाले भन्ने अरुले एक चित्त भएर सुन्ने लोक कथाको सुरुवात पहिले-पहिलेको कुरा हो ....... एक ठाउँमा..... एकादेशमा.... बाट सुरु गर्ने र अन्त्यमा सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भनेर टुँग्याइन्छ । लोककथामा असम्भव कुरालाई पनि सम्भव देखाउनका साथै अनेक प्रकारका जादु, टुना, भूत, प्रेत, ईश्वर तथा

अलौकिक शक्तिलाई बिषयबस्तु बनाएको छ । यस्ता कथाहरु राति सुत्नु भन्दा अगाडि मन्दिरमा खडरात्रि (जाग्राम) बस्दा रात काट्न बूढापाकाले सुनाउने गर्छन । यस भेगका लोक कथामा नीतिशिक्षा धार्मिक सन्देश मनोरञ्जन दिने खालका हुन्छन । यस्ता लोक कथाहरुले यस क्षेत्रको रहन सहन सामाजिक आर्थिक अवस्थाका वारेमा जानकारी गराउँछन् ।

### २.३.३. लोकगाथाको परिचय

लोककथा पनि लोकसाहित्यको मुख्य विधा हो । यसमा शक्तिशाली देवीदेवता, वीर महापुरुषको जीवनीलाई गीत शैलीमा वर्णन गरेको हुन्छ । बझाङ्ग कालुखेती गा.बि.स.मा लाङा देवता, मस्टो देवता, दुदिर देवताको फागलाई धार्मिक गाथा मान्दछन् । त्यसैले यस्ता गाथामा नृत्य हुदैन । व्यक्तिमा आधारित गाथालाई 'भारता भन्ने चलन छ । भारत्याले हुड्को बजाउदै नृत्य गरी गाथा सुनाउँछन । बिशेष गरी विवाहमा भारता भन्ने गर्दछन । आजभोलि भारत्याले भारता भन्ने चलनले जीवन गुजारा नहुने भएकाले क्रमशः हराउदै गएका छन् । बझाङ्ग जिल्लाका भारत्याहरुको नाम लिदा जौहरे र साथीहरु थिए भनेर रामसरण दर्नालले [१४] अनुसन्धानमा लेख्नुभएको छ । कालुखेती गा.बि.स मा भारत्या नभए पनि चौनाल्या भन्ने गाउँवाट पुरन दमाईलाई मगाउने र भारता सुन्ने गर्छन ।

### २.३.४. लोक नाटक

लोकमा रहेको रहन सहन, चालचलन सुःख दुःखलाई अभिनय गरेर देखाउने विधा लोकनाटक हो । यस्ता नाटक प्रदर्शन गर्दा शील्पगत मञ्च र शास्त्रीय नियमको जरुरत पर्दैन । कुनै तयारी पनि गर्नु पर्दैन । बझाङ्ग कालुखेतीमा चाडपर्बका बेला, राम लीला, कृष्णा लीला जस्ता नाटकहरु देखाउने गर्दछन ।

### २.३.५. उखान

उखानले जुनसुकै भाषालाई पनि प्राण दिने गर्दछन् । उखान अनुभबले खारिएका

१४. दर्नाल, राम सरण, **प्राचीन लोकसहित्यको प्रतीक** भारत : पुस मधुपर्क अकं ८ पृष्ठ नं. ७१, २०४२ ।

मार्मिक भनाई हुन्छन् । उखान छोटा, मीठा र सबैले झट्टै बुझ्न सकिने किसिमका हुन्छन । यहाँका उखानले बझाङ्ग , बासीको रहन, सहन, रीतिरिवाज, नैतिक, राजनैतिक,विषयवस्तु टिपेर सरल सजीव र संक्षिप्त ढंङ्गवाट जनजीबनलाई उपलब्धी पूर्ण बनाएको हुन्छ । बझाङ्ग कालुखेती गा.बि.स. मा उखानलाई पुरानो 'अणती' (अर्ति) अथवा अर्थ भन्ने गर्छन । लामो ठूलो लेखले भन्न खोजेको कुरा एउटै अर्थले भन्न सक्नु यसको विशेषता हो । यहाँका- उखान यस्ता छन् ।

खाइन पाई छालाइ टोपी लाई
"राणीले पाल्या चेलो भाँणले पाल्या घोणो"

## २.३.६ टुक्का

टुक्काले उखानको जस्तै स्वतन्त्र भएर अर्थ दिन सक्दैन । त्यसैले धेरैजसो विद्वानले उखान र टुक्कालाई एउटै विधाभित्र राखेका छन् । उखान र टुक्का दुबै लोकोक्ति हुन् । दुबै अभिव्यक्तिका माध्यम हुन् । उखान भन्दा टुक्का निकै छोटा हुन्छन । टुक्काको अर्थ लाक्षणिक अर्थ दिनका लागि मात्र हुन्छ । टुक्काले वाक्यलाई सबल, सशक्त र रोचक बनाई दिन्छ । यहाँका टुक्काले बझाङ्गको समाजिक जीवन संस्कृति सभ्यता ऐतिहासिक आर्थिक राजनीतिक परिवेसलाई अल्झाएको देखिन्छ । कालुखेती गा.बि.स. मा बोलिने टुक्काहरु यस्ता रहेका छन् ।

"पोल्ठा भरी आँशु"
"अरिङ्गालको गोलो"

## २.३.७ गाउँखाने कथा

यस विधामा एकजनाले प्रश्न सोध्ने र अरुले उत्तर दिने प्रचलन छ । यसलाई बुद्धि परीक्षणको साधनका रुपमा मानिन्छ । प्रश्न सोध्नेले उत्तर दिन सकेन भने उत्तर दिनेले एउटा सुन्दर गाँउ दिनुपर्ने र प्रश्न कर्ताले उत्तर सुनाइदिनु पर्ने हुन्छ । यस्तै उत्तर पत्तालगाउन गाउँ दिनु पर्ने भएकाले यसको नाम गाउँ खाने कथा राखेको हुनुपर्छ । गाउँखाने कथा मनोरञ्जन र

बसिबियालो गर्ने एक प्रकारको हाजिरी जवाफका रुपमा लिन सकिन्छ । यसैले लोक जीवनको सांस्कृतिक, धार्मिक, पौराणिक, ऐतिहासिक, सामाजिक, नैतिक, आर्थिक पक्ष झल्काउने काम गरेको छ । बझाङ्ग जिल्लाको कालुखेती गा.वि.स.मा यसलाई  स्थानीय भाषामा गाउँखान्या कथा वा राउन्या बात भन्ने गरिन्छ । कालुखेती गा.वि. स. मा सोधिने राउन्या बात (गाउँखाने कथा) यस्ता रहेका छन् । "हर्र झकुलीका फर्र तना त्याँ भित्र हेरु त नौ बिसी नौ जना" के हो ?- मकै ।

"नानी मुलाइ नाखउँदो मुदुणी केहो"- खुर्सानी ।

"लरो तान्या झाण कुकाँदो" -मोही पार्नु ।

"अगास पणमी दुई पानीका नाउँला" क्या हो? -आँखा ।

### २.३.८.लोकगीतका तत्वहरु

**(क) सन्देश**

लोकगीत सन्देशात्मक हुन्छ । लोकमा कुनै पनि सन्देश एक ठाँउ बाट अर्को ठाउँमा प्रसारण गर्न सन्देशको आवश्यकता पर्छ । लोकगीत पनि प्रमुख हो । धार्मिक, नैतिक, राजनैतिक, सामाजिक, स्वतन्त्रता निरङ्कुशता शैक्षिक आदिका वारेमा लोकगीतले नै सन्देश दिन्छ ।

**(ख) भाषाः**

भाषा विनिमय साधनका रुपमा लिन सकिन्छ । भाषा लिखित र मौखिक हुन्छन् । यसमा स्थानीय भाषा र राष्ट्र भाषाको प्रयोग गरिएको हुन्छ । भाषा विषेश गरी रोजगारी निम्न प्रकारमा विभाजन गरेर राख्न सकिन्छ ।

**(अ) संगीत प्रधान लोकगीत**

संगीत प्रधान लोकगीतमा असारे गीत र झ्याउरे गीत पर्छन । यी लोकगीतमा विशेष गरी संगीत नै प्रधान भएर आउँछ । यसमा भाका प्रमुख हुन्छ ।

**(आ) छन्द प्रधान लोकगीत**

यस्ता लोकगीतमा छन्द मिलेकै हुनुपर्छ । यसमा लोकगीतहरुलाई छन्दमा ढालिएको हुन्छ । छन्दबद्ध भएको लोकगीतलाई छन्दप्रधान लोकगीतमा राखेको पाइन्छ । देउडा, दुहा र सवाही यस अन्तर्गत पर्दछन् ।

**(इ) कविता प्रधान लोकगीत**

खाडो जगाउने खालका गीतहरु यसमा पर्दछन् । बिहेमा दुलाहा र दुलही पक्षका वीचमा सवाल जवाफ कवितात्मक शैलीमा गाइन्छ । यिनी सवाल जवाफहरु छन्दवद्ध हुन्छन् । यस्ता लोकगीतहरु लोक र भाका जस्तै गाइन्छन् ।

**लय वा भाका**

लय भाका विना लोकगीत हुन सक्दैन । लयहरु विभिन्न थरिका हुन्छन लय र भाका विना लोकगीत गाउन सकिदैन । यी लयहरु यसरी देखाउन सकिन्छ ।

**(क) द्रुत लय**

द्रुत लयमा ताल, भाका, तुक्का छिटो गाइन्छ । यसलाई ठाडो भाका पनि भनिन्छ ।

**(ख) मन्दलय**

यो लय न छिटो न ढिलो गरेर गाइन्छ । यसमा लोकगीतलाई बिस्तार गाएर आनन्द लिने गरिन्छ ।

### (ग) बिलम्वित लय

यो लोकगीत छोटो भए पनि लामो पारेर गाइन्छ । यो लोकगीत छोटो भए पनि लामो स्वर मिलाएर गाइन्छ । यसमा स्वर लम्याउँदै जाने र धेरै बेरसम्म गाइन्छ । यसमा बिसौनी हुन्छ । चर्को स्वरबाट मन्द स्वर झर्दै गीतलाई लम्ब्याउने भाका नै बिलम्वित भाका हो । यसमा रोदी, घाँटु आदि पर्छन । यस्ता गीत प्राय गुरुङ, मगर जातिले गाउने गर्दछन् ।

### ३. चरन

कथा, वस्तु, भाव, वा विचार तथा सन्देशको अगाडि आइ रहने चरन हो । यसमा नयाँ भावका गीतहरु आइ रहन्छन् । यस्ता गीतमा एक रुपता बारम्बार आइरहने हुन्छ जसलाई टेको भनिन्छ । शास्त्रीय भाषामा यसलाई गीतको स्थायी भनिन्छ ।

### ४. थेगो

लोकगीतमा थेगो भाका मिलाउन थेगो मिलाउने गरिन्छ । यसलाई गीतको“रहनी” भनिन्छ । यसले चमत्कार हृदय विदारक, सौन्दर्य, गीतको विशेष अर्थ र गीतलाई रोचक बनाउने गर्दछ । थेगो ठाँउ अनुसार फरक फरक पाउन सकिन्छ । यसमा गायकले आफ्नो इच्छा अनुसार राख्ने गर्दछन् ।

### ५. उद्देश्य

कुनैपनि गीतका आफ्नै प्रकार उद्देश्य हुन्छन् । उद्देश्य कतिपय अप्रत्यक्ष हुन्छ भने कतिपय प्रत्यक्ष हुन्छ । उद्देश्यमा निम्न कुरा रहेका हुन्छन् ।

- अर्ति उपदेश दिने खालका
- मनोरञ्जन प्रदान
- सामाजिक यथार्थताको प्रकटीकरण
- व्याङ्ग्यात्मक

) आत्म सन्तुष्टि

### ६. शैली

लोकगीतको अभिव्यक्ति ढाँचा नै शैली हो । यसमा लोक शैली, शैलीका कारण लोकगीतहरु भिन्न भिन्न हुन्छन । शैलीको गीतमा साझापन रहन्छ । थेगो, रहनी चरन आदिको सही व्यवस्थापनले आफै शैलीको निर्माण हुन्छ । सामाजिकता र साधारण शैली यसको विशेषता हो । लोकगीत लोक शैलीमा निर्माण हुन्छ । यसमा लोक भाषा, लोकलय हुन्छ । लोकगीतअन्य विधा भन्दा पृथक विधा र सामुहिक शैली भएको विधा हो । कुनै कुनैमा नृत्य पनि हुन्छ । यस्ता लोकगीत प्राय गाउन कै लागि रचिएका हुन्छन ।

### २.३.९. लोकगीतका विविध विधाहरु मध्ये माङलको अवस्था

लोकगीतका विधाहरुमा प्रत्येकका आ-आफ्नै विशेषता र गुणहरु छन् । त्यस मध्ये माङल पनि उपविधाका रुपमा छुट्टै पहिचान भएको मौखिक परम्परामा आधारित विधा हो । माङलको उत्पति डोटी क्षेत्रबाट भएको र मानवीय भाषासंगै माङलको उत्पति भएको देखिन्छ । माङलहरुले देशको वदलिँदो परिस्थितिसंग आरोह अवरोह भएको देखिन्छ । यसरी माङललाई मुख्य तीन अवस्थामा यसको विकास भएको पाउन सकिन्छ ।

१. राणा काल

२. पञ्चायती काल

३.प्रजातन्त्रोत्तर काल

४.समसामयिक काल

राणाकालमा शैक्षिक र विकासका क्षेत्रमा उन्नति हाँसिल गर्न नसके पनि माङलमा भने त्यति प्रभाव पर्न सकेको देखिदैन । त्यतिवेला हिन्दू धर्मावलम्वीहरुले माङल गाउने परम्पराको पकर राम्रो देखिन्छ । त्यस्तै प्रजातन्त्रोत्तर कालमा पनि राणा शासनकोअन्त्यसँगै आधुनिकताको

केही चालचालन रीतिरिवाज र संस्कृतिको विकास भएको पाउन सकिन्छ । त्यस बेला माङलमा केही कमी भएको देख्न सकिन्छ ।

## समसामयिक अवस्था

२०६४ सालसम्म माङलको अवस्था जुन थियो । त्यस पछि निकै फरक पाउन सकिन्छ । पत्र पत्रिका,रेडियो टेलिभिजन, बसाई सराई, देश विदेशको आवत जावत,मानिसको रुचि, इच्छा र लोकतन्त्रले ल्याएको मानसिक चेतनाले गर्दा र नयाँ पुस्ताले माङललाई बिर्सनु र रुढीवादी परम्परा भनेर घृणा गर्नुले माङलमा ह्रास आदि । त्यसका साथसाथै माओवादीको दश वर्षे जनयुद्धका प्रभावले नयाँ पुस्तामा माङल हराउदै गए । धार्मिक कर्महरु हुन पाएनन् । त्यसैले यस स्वरुपलाई माङलको सक्रमणकालीन अवस्था पनि भन्न सकिन्छ । अहिले युद्ध शान्ति हुनु सबैले धार्मिक कार्य सुचारु रुपले सम्पन्न गर्न पाउनु मानिसहरुमा दिन प्रतिदिन धार्मिक आस्था बढ्नुले गर्दा माङलहरु मौलाउने अवसर पाएका छन् । यी एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रुपमा हस्तान्तरण हुने हुँदा यिनको आफ्नै गुण र विशेषता छ । लोक गीतका विधाहरूमा माङलले उपविधाका रुपमा आाफ्नो वर्चश्व कायम गरेको छ । धार्मिकता, नैतिकता ऐतिहासिकता, संस्कृतिक, याचना कारुणिकता, लयवद्धता, रसात्मकता आदि विविध क्षेत्रलाई माङलले समेटेकोले यसको अवस्था बलियो मान्न सकिन्छ । मानवले आफूसँग नभएको वस्तु माग्न देवतालाई फकाएर खुसी पारेर माग्ने प्रचलन अहिले पनि विद्यमान नै छ । यो परम्परा संस्कृतिका रुपमा यस क्षेत्रमा बलियो हुदै गएको छ । कुनै पनिसंस्कारगत कर्ममा चाडपर्वमा र धार्मिक कार्यमा अहिले पनि अनिवार्य रुपमा माङल गाउने प्रचलन छ ।

परिच्छेद- तीन

# माङलको सैद्धान्तिक परिचय

## ३.१ माङलको परिचय

संस्कृत भाषाबाट अपभ्रंसं हुँदै नेपालीमा आइपुग्दा माङगल शब्द बनेको हो । मंङ्गलमय कामना गर्ने भावमा यस गीतको नाम माङल रहेको अनुमान गर्न सकिन्छ । माङलको अर्थ शुभ अथवा राम्रो भन्ने पनि हुन्छ । शुभ कार्यमा गाइने भएकाले पनि यसलाई माङगल शब्दले उच्चारण गरेको मान्न सकिन्छ । माङगल सेती, डोटी, कर्णालीको गीत हो । हिन्दूहरुको सोह्र संस्कार कार्यमा माङल गीत वढी गाउने भएकाले यसलाई संस्कार गीत भन्दा अत्युक्ति नहोला । संस्कारगत कार्यहरु कर्मकाण्ड को विधीअनुसार गरिन्छ तर सुदूरपश्चिम क्षेत्रमा कर्महरु कर्मकाण्ड विधि उपलब्ध नभएमा माङल गीत गाएर पनि काम सम्पन गर्ने गरिन्छ । त्यसकारण माङल संस्कार गीत हुँदा हुँदै पनि धार्मिक अनुस्ठान र चाडपर्वका समयमा उत्तिकै गाइन्छ । देवताको पूजा गर्दा सोह्र संस्कार सम्पन्न गर्दा गृह प्रवेश गर्दा शिलान्यास गर्दा दशैं तिहार पर्व मनाउँदा घरमा गणेश कलश पुज्दा आदि कार्यमा गाईन्छ । जस्तै :-नयाँ अन्न भकारीबाट निकाल्दा रोपाइँ गर्दा विउ राख्दा वा उखेल्दा आदि कार्यमा यो गीत गाइन्छ तर आज भोलि भने क्रमशः यस्ता बेलामा गाइने गीत लोप हुदै गईराखेका छन् । यस क्षेत्रमा संस्कारगत माङल धार्मिक माङल चाडपर्बका माङल फाग जीवित छन । भेरी कर्णाली तथा सेती, महाकालीका अस्तित्वमा रहेका यी गीत लाई कतै माङल, कतै महाल कतै माल भन्ने गरेको पाइन्छ । यसको वास्तविक नाम माङल हो र कालुखेती गा.बि.स मा माङल नै भन्छन् ।शास्त्रीय विधान अनुसार सम्पन्न गरिने षोडस संस्कार धार्मिक अनुष्ठान कर्म तथा पर्वका अबसरमा साधकले गरेको साधना निर्बिघ्नता पूर्वक सम्पन्न होस् भन्ने अभिप्रायले माङल गाउने गरिन्छ । माङल नारी प्रधान गीत हो । माङल सुदूर तथा डोटी क्षेत्रका वेदका ऋचा हुन भने मङल्यारीहरु नारी वेद हुन् । माङल गाउने नारीलाई मङल्यारी भनिन्छ । बझाङ कालुखेतीमा बिबाहमा दुलाहका घरबाट केटीको घरमा जाँदा मङल्यारी पोको छुट्टै लगिन्छ । महाकाली अञ्चलमा माङललाई फाग र मङल्यारीलाई फगारी भन्ने गर्छन । आधुनिकताले गर्दा प्रचलित माङल र फागमा क्रमशः ह्रास आउन थालेको छ । गाउँमा चार/पाँच जना मात्र माङल गाउने नारी हुन्छन । माङल सधैँ तिनै नारीहरुले गाउने भएकाले तिनीहरुलाई कण्ठस्थ हुन्छन् ।सुदूरपश्चिम क्षेत्रमा माङल शब्द समान रुपले प्रयोग भएको पाइदैन । कतै फाग, कतै सगुन बझाङ्ग जिल्लाको कालुखेती गा.बि.स मा माङल शब्द नै प्रयोग गरेको देखिन्छ । सुदूरपश्चिममा पनि महाकाली अञ्चलतिर फाग/सगुन भन्ने चलन छ । शब्दको प्रयोगमा भिन्नता भएता पनि यी सबैको तात्विक अर्थ एउटै हो । संस्कार कर्म र धार्मिक कार्यमा गाउने गरिन्छ । शब्दको प्रयोग जहाँ जे

भएता पनि माङल, फाग र सगुन एक अर्काका पर्यायबाची शब्द हुन् । सबैको एउटै आशय मंङ्गलको कामना मात्र हुन्छ । माङल फागमा बिशेष गरी देवी देवताका वर्णनहरु तथा भक्तिवादी र स्तुतिवादी साहित्यहरू पाईन्छन । यसरी के बुझिन्छ भने धार्मिक विश्वासले गरिने जुनसुकै पनि शुभकार्य निर्बिघ्नतापूर्वक सम्पन्न होस् र काम गर्ने कर्तालाई काम गरे वाफतको फल मिलोस् भनेर शुभकामनाका साथ माङल गाइन्छ ।

## ३.२. माङलको परिभाषा

धार्मिक कार्य र  संस्कार कार्यमा गाइने सुदूरपश्चिमका क्षेत्रीय गीत हुन् । बझाङ जिल्लामा यसलाई माङल भनिन्छ । सुदूरपश्चिम क्षेत्रमा भाषागत शब्दमा निकै भिन्नता पाइन्छ । बझाङ र बाजुराका केही भागमा फागलाई माङल र धामी कमाउँदा पुरुष समूहद्वारा गाइने लोक रचनालाई फाग भनिन्छ । बझाङ, बाजुरा, अछाम र डोटीको केही भागमा माङल शब्दको एकरुपता छ भने डडेल्धुरा, दार्चुला, बैतडी र डोटीका केही क्षेत्रमा माङल अपरिचित शब्द हो । जसलाई फाग भनेर सम्बोधन गर्छन । डोटी क्षेत्र र डोटेली भाषाका सम्बन्धमा ब्रतराज आचार्य भन्छन्- “पश्चिमेली भाषिका अन्तर्गत महाकाली अञ्चलका दार्चुला , बैतडी र डडेल्धुरा सेती अञ्चलका डोटी र बझाङका कालङा तथा चिर र बुङ्गल क्षेत्र पर्दछन । यो भाषिकालाई डोटेली भन्न पनि सकिन्छ ।

त्यसैले कालुखेती गा.बि.स बुङ्गल क्षेत्र भन्दा माथि पर्ने हुदा  त्यहाँको भाषामा केही फरक छ । बरु यो भाषा अछाम, बाजुरा र कर्णाली भेगतिरको भाषिकासंग नजिक छ । कुनै भाषा सबै ठाँउ सबै स्थितिमा एकनास पर्युक्त हुन सक्दैन भौगोलिक दूरी, सम्पर्कको अभाव, समयको लामो अन्तराल, विभिन्न भाषिक समुदाय सँगको सम्बन्ध तथा सामाजिकताका कारण एउटै भाषाका विभिन्न भेदहरु उत्पन्न हुन्छन् । यस्ता भेदहरुलाई  नेपाली भाषाको यीनै भाषिका अर्न्तगत माङल गीत पर्दछन् । लोक साहित्यमा कलम चलाउने केही विद्वानहरुका परिभाषा यस्ता छन् । सुदूरपश्चिम तथा नेपाली साहित्यका अध्यता जयराज पन्तका [१५] अनुसार माङ्गल र सगुन डोटेली लोक गीत अन्तर्गत पर्ने संस्कार गीत हुन र माङ्गलिक अवसरमा गाईने हुँदा माङ्गलिक ध्वनि भन्न सकिन्छ ।

---

१५. पन्त, जयराज, पूर्ववत, पृ. ६ ।

विजय चालीसेका अनुसार "शुभकार्य र बिभिन्न संस्कार कार्यहरुमा गाईने गीत नै फाग माङल जस्ता मौलिक लोकगीत हुन् । चुडामणि बन्धुका अनुसार [१६] "जन्म, छैटी, न्वारन, चुडाकर्म, बर्तवन्ध र विवाह जस्ता संस्कार कर्महरुमा नेपाली नारीहरुले एक प्रकारको गीत गाउँछन् । त्यसलाई नै माङल भनिन्छ ।"

कृष्णप्रसाद पराजुलीका अनुसार मङल्यारीले गाउने यो गीत मङ्गल गीतका रुपमा प्रसिद्ध छ । माङल विभिन्न शुभकार्यका अबसरमा गाइन्छ ।"

कृष्ण प्रसाद पराजुलीले अर्को ठाउँमा यस्तो पनि भनेका छन । "महाल र माङल डोटी, कर्णाली भेगतिर गाईने  मङ्गलकै प्रयाय हुन ।"

नारायण प्रसाद तिमिल्सिनाका अनुसार [१७] "माङल नारीहरुले शास्त्रीय विधानका आधारमा सम्पन्न गरिने विभिन्न प्रकारका संस्कार कर्म पूजा, आजा, कर्म, पर्व र निर्माण कार्यमा माङ्गलिक कामना गरी गाइने एक प्रकारको संस्कार गीत हो ।

मधुसुधन गिरी डा. रामनाथ ओझाका अनुसार [१८] संस्कार सम्वन्धि कुनै कार्य गर्दा त्यो सफलता पूर्वक सम्पन्न होस् भनेर गाईने गीत माङल हुन् ।

रामशरण दर्नालका अनुसार [१९] "नेपाली लोकगीतमा मङ्गल गीतलाई माङ्गल भनिएको छ । यस अघि माङल गीतकै नामले बुझिन्थ्यो ।" बृहत नेपाली शब्दकोशमा "फाग नारीहरुले उत्सब पर्वहरुमा गाइने माङ्गलिक गीत हुन् । माङल भन्नाले विवाह आदि मङ्गल कार्यमा गाइने गीत, महाल भन्नाले " चाड पर्व, ब्रत उपासना आदिको प्रारम्भमा मङ्गलका निम्ति गाईने एक लोकगीत माङल हो ।"

देवकान्त पन्तका अनुसार [२०] "फाग नारीहरुका माङ्गल गीत हुन् । डोटेली बृहत शब्दकोशमा माङललाई "विवाह आदि शुभकार्यमा गाईने गीत नारीवेद ।" विद्वानहरुका उपर्युक्त परिभाषाबाट हामीले माङलका बारेमा बुझ्दा माङल मङ्गल कार्यको लागि नारीले गाउने गर्छन । यस गा.बि.स मा कर्ताले नगाई मङल्यारीद्वारा गाउन लगाइन्छ । कर्ताले गर्न थालेको कार्यमा

१६. वन्धु, चुडामणि, पूर्ववत पृ. १५५, २०५८ ।

१७. तिमल्सेना, नारायणप्रसाद, **संस्कार गीतका रुपमा दैलेखी माङलको विवेचना**, गरिमा, वर्ष २४ अंक ३ पृ.११९, फाल्गुन २०६२ ।

१८. गिरी मधुसुधन , ओझा रामनाथ २०६२ लोक साहित्य , पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध काठमाण्डौ स्टूडेन्टस् पृ. ३६ तेस्रो संस्करण

१९. दर्नाल रामसरण प्राचिन लोकसाहितयको प्रतिक भारत २०४२ पुष मधुपर्क अंक ८ पृ.४१

२०. पन्त देवकान्त पूर्ववत पृ.१४

कुनै विघ्नबाधा नआई शुभमङ्गल होस् भनी देवतालाई पुकार्ने गरेको देखिन्छ तर चाडपर्वमा मन्दिरमा गाइने माङल भने सबै आफ्नो मनोकामना पूर्णताका लागि माङल वा फाग गाउँछन् । त्यसैले माङल केही कुरा प्राप्त गर्न गाएको जस्तो लाग्छ । माङलको वारेमा भन्नु पर्दा संस्कार कर्म धार्मिक कार्य तथा पूजाआजामा कर्तालाई काम विशेषको फल प्राप्ति गर्नुका साथै मङ्गलको कामना गर्ने एक गीतका रुपमा लिन सकिन्छ । माङल र फागमा भाषागत रुपमा दुवैको अर्थमा फरक देखिए पनि यी दुवै शब्दको आशय एउटै हो ।

## ३.३ बझाङ कालुखेती गा.बि.स का माङलको बिशेषता

लोकसाहित्यमा भएका हरेक विधाको आ-आफ्नै विशेषता छ । त्यसमा पनि लोकगीत बझाङ बासीको सुख-दुःखको साथी नै हो । माङल लोकगीतले उपविधाका रुपमा लिन सकिन्छ । यस क्षेत्रमा हरेक अवसरका लागि माङल अनिबार्य कर्मकाण्ड हो । माङलका रचनाकार स्पष्ट छैनन् । यसको सृजनाको समय एकिन छैन किनकी माङल पनि लोकगीतनै हुन यसले लोकसाहित्य को आधारमा अध्ययन गर्नुपर्ने हुन्छ । जे होस् माङल सुदूरपश्चिम क्षेत्रकै हावापानीमा फूलेको प्याउली फूल हो । जो हरेक शुभकार्यमा चढ्दै आएको छ । त्यसैले माङललाई भक्तिवादी, स्तुतिवादी, नैतिकवादी मानिदै आएको छ ।माङल नमस्कारात्मक, वस्तुनिर्देशनात्मक र आत्मनिवेदनात्मक हुन्छ । माङलको निश्चित साझा स्वरुप हुने हुँदा साझा स्वरुपको निर्माण विभिन्न विशेषताहरुको सामुहिकीकरणबाट हुन्छ । यी विशेषताहरुलाई यसरी केलाउन सकिन्छ ।

### १. मङ्गलगीत

माङल मंगल कार्यमा गाइन्छ । यो देउडा, धुमारी, ढुस्को जस्तै मनोरञ्जनका लागि नभई संस्कार र पूजा आजामा गाइन्छ । कार्य निर्विघ्नताकासाथ सम्पन्न हुनु र काम गर्ने आयोजकलाई कामको फल मिलोस् भन्ने माङगलको मुख्य उद्देश्य रहेको हुन्छ ।

जस्तै :- लोहा त लोहा पारिब्या

मेरा माथा घाउ जन लाया ।

यस मांडलमा बालकलाई कुनै किसिमले असजिलो नहोस् भन्ने मङ्गलको कामना गरिएको छ ।

**नारी प्रधान**

माडल नारीहरुले गाउने गीत हो । त्यसैले माडल गाउने नारीलाई मङल्यारी भनिन्छ र फाग गाउनेलाई फगारी भनिन्छ ।विषेश गरी यी माङलहरु नारीहरुले गाउने नारीहरुमा नै हस्तान्तरण हुने गर्दछन् । नारीहरुको विषेश चासो हुने गर्दछ , पुरुषले माङल गाएको मान्य पनि हुदैन र गाउने गरेको पनि देखिदैन ।

**सामुहिकता**

माडल दुई तीन जना आईमाई सँगै बसेर एकै स्वरमा गाउने गर्छन । मङल्यारी एउटामात्र भए पनि अरु सिक्ने नारी समेत स्वर मिलाएर गाउन सहयोग गर्छन । एक्लै गाउँदा नारी मङल्यारी माङल भुल्ने गर्दछन् । त्यसमा साथ दिने महिला साथी भएमा नविर्सेर गाउने भएकाले यसमा समूहको आवश्यकता पर्दछ ।

**अपौरुषेय**

माडलका रचनाकार एकिन गर्न सकिदैन । यो एक पुस्ताबाट अर्को पुस्तामा परम्परागतरुपमा हस्तान्तरण हुँदै आएको छ ।यसका रचनाकार यी नै हुन भनेर किटान गर्न सकिदैन । त्यसैले कुनै नरनारीले रचना नगरी मौखिक हस्तान्तरण हुदै आएको मान्न सकिन्छ ।

**मौखिकता**

माडल मौखिक रुपमा जीवित छ ।यसको कुनै लिखित अभिलेख भेटिदैन । मडल्यारीले गाएका माङल सुनेर नै नयाँ मडल्यारीले कष्ठस्थ राख्छन् । माङलको इतिहास निकै लामो हुन्छ

तरपनि मङ्ल्यारी लाई कण्ठस्थ हुन्छ त्यो मौखिक इतिहास लाई अर्को पुस्तामा हस्तान्तरण गर्दा मौखिक रुपमै कण्ठस्थ गरेर हस्तान्तरण गर्दछन् ।

**स्थानीयता**

माङगल स्थानीय भाषाको प्रयोग गरी गाइन्छ । शब्दमा केही फरक परे पनि माङगलको आशय सबै ठाँउ एउटै हुन्छ ,। सवै माङलमा स्थानीय भाषाको प्रयोग वढी हुन्छ स्थानीय भाषाका शब्दको प्रयोगको कारणले लयमा पनि केही उतार चढाव आउने गर्दछ ।

**जातीयतामा आधारित**

माङल ब्राह्मण र क्षेत्रीहरुमा बढी गाँउने गरिन्छ । अरु जातिले पनि गाँउने गर्छन तर ब्राह्मण र क्षेत्रीको तुलनामा कम गाउँछन । माङल जातीय हिसावमा र गाँउ ठाँउको पूजा आजा मन्दिर अनुसार केही फरक हुने गर्दछन । ब्राह्मण जातिमा धेरै गाउने चलन छ । त्यसपछि क्षेत्रीहरुमा क्रमश घट्दो क्रममा अन्य जातिले गाउने गर्दछन् ।

**आशावादिता**

माङल मंङ्गलको कामना साथै कर्ताले आफ्नो काम सम्पन्न पछि फल प्राप्ति होस् भनेर गाँउन लगाउने गर्दछन । धार्मिक काम गर्दा वा ईश्वरको पूजा पाठ गर्दा देउताको आशीर्वादले राम्रो फल मिल्ने यस क्षेत्रका लोक वासीको विश्वास छ । मन्दिरका मांङलमा व्यक्ति स्वंयम् सहभागी हुने घर तथा संस्कारगत मांङगलमा मंङल्यारी मार्फत गाँउन लगाईन्छ । त्यसै हिसाबले यस ठाँउमा देउताको पूजापाठ जादु टुना बढी गरिन्छ ।

माङलका उपयुक्त विशेषताले मात्र पूर्ण हुदैनन । ती बाहेक धार्मिकता मौखिक परम्परा वृद्ध नारी प्रदान, ऐतिहासिकता, सरलता ,सुगमता, सामाजिकता लोक वासीको सामाजिक सम्पति, भाग्यवादिता जस्ता विषय बस्तु पनि उल्लेखित हुन सक्छन ।त्यसमा पनि अझै लेख्दा कारुणिकता, मार्धुयता ,कौतुहलता,लाक्षणिकता ,अन्त्यानुप्रास विहीन पनि मान्न सकिन्छ । यति धेरै विषय बस्तुको व्याख्या गर्न असंम्भव हुने भएकाले मुख्य मुख्य विषेशताहरु मात्र उल्लेख गरिएको हो ।

## ३.४ माङलको वर्गीकरण

बझाङ्ग कालुखेती गा.वि.स.मा मंङ्गल कामनाका लागि गाइने धार्मिक संस्कार गीत माङल हुन् । जसलाई महाकाली अञ्चलतिर फाग भन्छन् । शब्दगत हिसाबले जसले जे भने पनि आशयका हिसावले दुवै ठाउँका मङ्गल गीत नै माङल हुन् , फाग  हुन् र सगुन हुन् । माङल मौखिक परम्परामा चल्दै आएको लोकसाहित्यको अभिन्न अङ्ग बनेको छ । साथै माङलका माध्यमवाटै सुदूरपश्चिमका सीमित क्षेत्रमा गाइने भए पनि माङल असीमित छन् । व्यापक छन् । वृहत छन् । त्यसैले माङलको किसिम ठम्याउँन असजिलो परेको छ । प्रत्येक गाउँ ठाउँ अनुसार माङल अलग-अलग हुन्छन् । एकै प्रकारको विषय वस्तु अभिप्राय नहुन पनि सक्छ । भाषागत विविधता, भावगतविविधता उत्पतिको अनेकताका कारण माङलका किसिम विभिन्न हुन सक्छन् । हालसम्म माङलको गहिरो अध्ययन कतैबाट नभएकोले तथा यसको बृहताका कारण माङलका किसिम यति नै छन् भनी  ठम्याउन असजिलो परेको छ । यस शोध शीर्षकको मुख्य उद्देश्य नै वैज्ञानिक  तरिकालेमाङलको वर्गीकरण देखाउनु रहेकाले विभिन्न विद्वानका भनाइमा माङलको वर्गीकरण निम्न रहेको छ । कृष्ण प्रसाद पराजुलीले [२१] फाग सामान्य र विशेष गरी २ किसिमका हुन्छन् भनेका छन् ।

१. सामान्य फाग : संस्कार कर्मका गणेश पूजा , नवग्रह पूजा , फगारी  निमन्त्रणा , मण्डपनिर्माण आदि ।
२. विशेष फाग : संस्कार विषेशको बालक जन्म , छैटी , ब्रतवन्ध , विवाह आदि ।

नारायण प्रसाद तिमिल्सिनाले [२२] दैलेखी माङललाई ऐतिहासिकताका दृष्टिले प्राचीन र आधुनिक भाषागरी २ भागमा वाँडेका छन् । लोक साहित्यका विज्ञ जयराज पन्तको  वर्गीकरण यसरी देखाउन सकिन्छ ।

---

२१. पराजुली, कृष्णप्रसाद, पूर्ववत, पृ. ३८४ ।

२२. तिमल्सेना, नारायणप्रसाद पूर्ववत, पृ. १२१ ।

१- पूर्वाङ्गका फाग

२- उत्तराङ्गका फाग

सबै खालका माङ्गलिक अनुष्ठानमा गणेश पूजन , कलश पूजन , दीप पूजन , नवग्रह पूजन, मात्रिका पूजन, माङल पूर्वाङ्गका फाग र त्यसपछि गरिने कार्यअनुसारका फाग उत्तराङ्गका फाग हुन् ।

देवकान्त पन्तका अनुसार [२३] पुर्वाङ्गका मन्त्र र उत्तराङ्गका मन्त्र गरी २ भागमा वाडेका छन् ।

१- पूर्वाङ्गका मन्त्र : सबैसंस्कारका बेला गरिने ।

२- उत्तराङ्गका मन्त्र : सम्वन्धित संस्कारका वेला गरिने ।

यस क्षेत्रमा भएका माङलहरुलाई संकलन गर्ने हो भने गणना गर्न सकिदैन । त्यसैले सजिलोकोलागि माङलका प्रकार छुट्याउनु परेको हो । उपर्युक्त कथनवाट मात्र माङललाई पर्याप्त हुन सक्दैन । कालुखेती गा.वि.स का माङललाई अन्य भेगका माङलसंग तुलना गरी माङलकोवर्गीकरण  यस्तो देखिन्छ ।

१. संस्कारगत माङल : जन्म, नामकरण, अन्नप्रासन , ब्रतवन्ध , चुडाकर्म र विवाहका माङल आदि ।

**२. चाडपर्वका माङल :**

(क) मठमन्दिरका माङल , जात्राको वेला , नमाकी खाँदा, पूजाआजा गर्दा, धामी चलाउदा आदि ।

(ख) घरका माङल : गौरापर्व आदिमा गाइने ।

---

२३. पन्त देवकान्त पूर्ववत पृ. १४ ।

३. अन्य विषयवस्तु सम्बन्धी : घरको शिलान्यास गर्दा, गृह प्रवेश, तीर्थ जाँदा, सप्ताह, नवाहआदिमा गरिन्छ । तर यी माङलको अस्तित्व छैन । सामुहिक र एकल गरी २ भागमा बाँड्न सकिन्छ । भित्रका माङल र वाहिरका माङल गरी विभाजन गर्न सकिन्छ । यसरी जयराज पन्तले गरेको विभाजन समय सापेक्ष मानिन्छ तापनि सामुहिक अध्ययन नभए सम्म पुरै सुदूरपञ्चिमलाई सुहाउने वर्गिकरण मान्न सकिन्न ।

## ३.५ माङलको अवस्था

माङलको उत्पति र विकास कहिले भयो भन्ने कुरा स्पष्ट छैन । माङल लोकगीतको उपविधा भएकाले लोकगीतको विकास क्रमलाई नै माङलको विकास मान्नु पर्ने हुन्छ । लोक साहित्यका विद्वान जयराज पन्तले [२४] आफ्नो कितावमा यस्तो लेखेका छन् । " सर्लट सोफिया वर्न द ह्याण्डवुक अफ फोकलोर" को २७१ औं पृष्ठमा प्राकृतिक सुष्माबाट मुग्ध भएको मान्छे भाव विह्वल भएर जसरी भावनाका टोकाइवाट गुनगुनाउन थाल्यो त्यसैगरी प्रकृतिको भयंकर रुपवाट तर्सिदा स्तुति गर्न थाल्यो त्यसै सम्मोहन र त्रासको भावनावाट प्रकट भएको मानवीय स्वतःस्फुर्त आवाज नैपहिलो लोकगीत बन्यो । नारायण प्रसाद तिमिल्सिनाले [२५]. गरिमा पत्रिका २०६२ पूर्णाङ्क २७९ मा लेखे अनुसार तुलसी कृत रामायणमा गोस्वामी तुलसी दासले राम जन्मका अवसरमा मङ्गल गाउने वारे यस्तो प्रसङ्ग जोडेका छन् ।

गवाही मंजुल मंगल वानी ।
सनी कलख वल कुष्ठ लजानी ॥ (उपाध्याय २०५७ : ६५)

यस श्लोकले माङल त्रेता युगदेखि गाउदै आएको कुरा प्रष्ट हुन्छ । त्यस्तै गरेर चुडामणि वन्धुलेलेखेका छन् । व्रतवन्धको पूर्वाङ्गका रुपमा डोटीतिर गाउने सगुनमा भाषाको प्राचीन रुप देख्न पाइन्छ। उक्त भनाइबाट नेपाली भाषाको उत्पति डोटी क्षेत्रबाट भएको र मानवीय भाषासंगै माङलको उत्पतिभएको देखिन्छ ।

---

२४. पन्त जयराज पूर्ववत पृ. २६

२५. तिमिल्सिन नारायण प्रसाद पूर्ववत पृ. २२१

डा. गोविन्द आचार्यले [२६] राप्ती लोक साहित्यमा लेखेका छन् । "टुचि (१९६ इ १११) ले तिब्बतमा प्रचलित विवाह मण्डपमा वसालेर उपस्थित दुवै पक्षका बीच गीत गाउने चलन भएको पाइन्छ । डोटी क्षेत्रका माङलमा प्रयोग भएका हिन्दी संस्कृत , भोजपुरी अवधि भाषाका शब्दबाट माङलकोउत्पति आदिम समयमा नै भएको थियो । थुप्रै शब्दहरुको अर्थ स्थानीय भाषिका संग समेत मिल्नेगरेका छैनन् । जसलाई अर्थ र आशयका अधारमा मात्र वुभ्ने गरिन्छ । डोटी क्षेत्रका माङलहरु आजको अवस्थासम्म आइपुग्न कुनैवेला वढ्दै गए भने कतिपय अवस्थामा कम पनि हुदै गएका छन् । कुनै वेला यिनको माग धेरै थियो भने कुनैवेला माङलप्रति लोकवासीको चासो हराउदै गएको देखिन्छ।

जयराज पन्तले [२७] डोटी क्षेत्रका माङललाई ( सगुन , फाग) विकास क्रमलाई निम्न ३ समयलाई आधार मानी व्याख्या गरेका छन् ।

१- राणाकालीन अवस्था

२- प्रजातन्त्रोत्तर कालीन अवस्था

३- समसामयिक अवस्था

## १. राणाकालीन अवस्था

शैक्षिक राजनैतिक, आर्थिक क्षेत्रमा त्यति प्रगति हुन नसके पनि माङल क्षेत्रमा कुनै कमी भएको देखिदैन, बरु हिन्दू धर्मको विकासका साथै माङलले मौलाउने अवसर पाएको छ । राणाकालमा जुन कर्मका लागि माङल गाईन्थ्यो ति माङल अहिले सम्म पनि त्यहि माङल त्यहि कर्ममा गाईदै आएको कुरा कालुखेति वार्ड नं. १ वस्ने वर्ष ८० कि गोपा थापाले वताईन् , जस्तै राणाकालमा न्वारमा गाईने माङल यस्तो थियो ।

**न्वारनका माङल**

को देउ आया पुरीव वाट
को देउ आया उत्तर वाट
को देउ आया पश्चिम वाट

२६. आचार्य, डा. गोविन्द, राप्ती लोकसाहित्य ।

२७. पन्त, जयराज, पूर्ववत, पृ. २६ ।

बाह्र रासि चन्द्रमा आया
सुकर देउ उत्तर वाट आया
वरीपरी वस्या वाह्र रासी नौ ग्रह
आ आफ्ना आसन वस्या
तुङ्गीफूल देउ नैबेद्य देउ

**२. प्रजातन्त्रोत्तरकालीन अवस्था**

राणा शासनको समाप्ति र प्रजातन्त्रको उदय पश्चात आधुनिकताका केही चालचलन ठाउँ ठाउँमा पुग्न थाले जसले गर्दा हाम्रो संस्कार धर्म कर्ममा केही कमजोरी आउन थाल्यो । पाश्चात्य प्रभावले गर्दा माङलगीतमा  पनि केही कमी आएको देखिन्छ । माङलको स्वरुप भने परिर्वत भएको देखिदैन प्रजातन्त्रको उदयपछि पनि गोपा थापाका अनुसार उही माङल गाउने गरेको पाईयो ।

जस्तै न्वारनको माङल

को देउ आया पुरीव वाट
को देउ आया उत्तर वाट
को देउ आया पश्चिम वाट
वाह्र रासि चन्द्रमा आया
सुकर देउ उत्तर वाट आया
वरीपरी वस्या वाह्र रासी नौ ग्रह
आ आफ्ना आसन वस्या
तुङ्गीफूल देउ नैबेद्य देउ

**३. समसामयिक अवस्था**

वि.सं. २०६४ सम्ममा माङलको अवस्था एक प्रकारको थियो । त्यसपछि निकै फरक हुनपुग्यो । पत्रपत्रिका , रेडियो , टेलिभिजन , वसाईसराई, देशविदेशको आवतजावत, आधुनिक गीत, नयाँपुस्ताका व्यक्तिहरुले माङल बिर्सनु  चासो नराख्नु र रुढिवादी परम्परा भनेर आरोप

लगाउदै गए । देशमा चर्केको राजनैतिक उथलपूथुल १० वर्षे जनयुद्धले गर्दा धार्मिक पर्व, संस्कार पर्व समेत हुन पाएनन् । त्यसैले माङलका निम्ति ह्रसोन्मुख अवस्था हुन पुग्यो । माङलको विकासक्रमलाई देखाउने आधार धेरै भए पनि नेपालमा राजनीतिले पारेको प्रभाव वसाई सराईका कारणमाङल गाउने. प्रचलनमा ह्रास आयो तैपनि कुनै कर्म गर्नुपर्दा भने तिनै गोपा थापा का अनुसार राणाकालिन माङल नै गाउने गरिन्छ कुनै परिवर्तन छैन उनै शब्द उही लयमा गाईन्छ । जस्तै : न्वारनको माङल

को देउ आया पुरीव वाट
को देउ आया उत्तर वाट
को देउ आया पश्चिम वाट
वाह्र रासि चन्द्रमा आया
सुकर देउ उत्तर वाट आया
वरीपरी वस्या वाह्र रासी नौ ग्रह
आ आफ्ना आसन वस्या
तुङ्गीफूल देउ नैबेद्य देउ

वझाङ्ग कालुखेती गा.वि.स का माङललाई निम्न आधारमा व्याख्या गर्न सकिन्छ ।

१. वि.सं. २००७ साल पूर्व
२. वि.सं. २००७ देखि २०४६ सम्म
३. वि.सं. २०४७ देखि २०५७ सम्म
४. वि.सं. २०५७ देखि २०६२ सम्म
५. वि.सं. २०६३ देखि हालसम्म

वि.सं. २००७ साल पूर्व माङल व्यक्ति पिच्छे गाइन्थे । २०४६ को जनआन्दोलनसम्म केहीमात्र फरक परे पनि त्यस पश्चात २०५६ सालसम्म घट्ने क्रम सुरु भयो । नेपालमा २०५६ सालसम्म भएका थुप्रै राजनैतिक परिवर्तनले माङललाई खासै प्रभाव पारेन तर २०५७ साल देखि गणतन्त्र स्थापना नहुन्जेलसम्म यस क्षेत्रमा धार्मिक कर्म र संस्कार कर्महरु स्वतन्त्र र उल्लासमय वातावरणमा मनाउने अवसर प्राप्त भएन जसले गर्दा माङललाई प्रत्यक्ष प्रभाव

पाऱ्यो । यस्ता शुभ कर्म गर्नु परे पनि लुकेर चोरेर गर्नुपर्ने वाध्यता सिर्जना भयो । जसको परिणाम माङल हराउने अवस्थामा पुग्यो । २०६२ को जनआन्दोलन पछि खासै त संविधान सभाको चुनाव पछि भने पुनः तेस्रो चरणको अवस्थामा आएको देखिन्छ ।

## ३.६ सगुन, माङल र फागको सामान्य अर्थ :

### ३.६.१ सगुन

सगुनको अर्थ शुभ, राम्रो, उपहार , शुभकामना भन्ने हुन्छ । डोटी क्षेत्रमा कार्य प्रारम्भ गर्दाको समयमा शुभ लक्षणलाई सगुन भन्ने गर्दछन् । देवताको पुजन पछि प्राप्त प्रसाद पनि सगुन हो । माङल गाएनका हिसावले सगुन सुरुवातमा गाइने शुभगीत हो । हिन्दू संस्कारका अनुसार जुनसुकै कार्यगर्दा गणेश, कलश , बत्ती नवग्रहको स्थापना गरी देवताको आह्वान गरिन्छ । पूजाको वेला सुरुमा ब्राह्मण द्वारा मङ्गलाचरणको पाठ गरिन्छ । त्यसैबेला नारीहरुले सगुन गाउँछन् । त्यसकारण सगुन वेदको मंगलाचरण वा देवता वोलाउने शुभगीत हो । सगुनलाई बैद्धिक परम्पराको स्वस्ति वाचनको डोटेली रुपान्तर भन्न सकिन्छ । डोटी क्षेत्रमा पूजाआजाको समयमा मात्र नभई देउडा खेल्दा समेत सगुन गीत गाउने गर्दछन् । पूर्णप्रकास नेपालका अनुसार [२८] सगुन उच्चारण गरी प्रस्तुत गरिने विषय चयन गरेपछि गीत गाउँछन् । जस्तै साइतमा जाँदा खाने दही निधारमा लगाउने टिका पूजा पछि मन्दिरमा खाने ल्याइने प्रसाद बाटोमा राख्ने स्याउली , ढोकामा राखिने कलश , विवाहका बेला अर्का गाउँका आइमाइले बाटोमा टिका लगाई माङल गाउनेलाई समेत सगुन भन्ने चलन छ । पहिले पहिले मान्छेहरु घरछोड्दा , लडाइमा जाँदा , व्यापार गर्दा समेत सगुन गाउँथे तर त्यसवेला मङ्ल्यारी उपलब्ध नहुन पनि सक्ने देखेर सगुन भनेर केही चिजवस्तु दिएको अनुमान गर्न सकिन्छ । आजभोलि साईतमा जाँदा जनै ल्याउने गरिन्छ , तर आजभोलि भने यी माङलहरु हराइ सकेका छन् ।

### ३.६.२ माङल

माङल तथा केही प्राप्तिको कामनाको लागि गाइने नारीप्रधान गीत माङल हो । बझाङ कालुखेती गा.वि.स मा माङल सगुन पछि गाइने गीत हो । माङलहरु पनि कार्य विशेषका

२८. नेपाल, पूर्णप्रकास, **सेतीका तारा**, विराटनगर हिमाली सौगात प्रकाशन पृ. ६९, २०३४ ।

छुट्टाछुट्टै हुन्छन् । ब्राह्मणले कर्मकाण्ड अनुसार कर्तालाई जे पूजागर्न लगाउँछ । मंङल्यारीहरुले पनि त्यसैको वारेमा माङल गाउने चलन छ । त्यस ठाउँमा मङल्यारीहरुलाई निम्त्याएर पहिले नै बोलाईन्छ । विवाहमा अर्काको गाउँमा मङल्यारी बोलाउन अप्ठयारो हुँदा अघिल्लो दिन नै मङल्यारी पोको भनेर (तातोकोसेली ) सँग पकवान पठाउने चलन छ । त्यसैले माङल कामको मंगलको कामनाको साथै केही कुरा माग्न गाएको अनुमान गर्न सकिन्छ । मङल्यारीले माङल आफ्नो तर्फबाट नगाएर कर्ताको तर्फबाट गाउने गर्दछन । कर्ताले धर्म प्राप्तिको अनेक पूजा पाठ गर्ने र पूजापाठवाट देउता खुसी भई राम्रो फल प्राप्त हुने मृत्यु पश्चात स्वर्गमा बास हुने सोचाई राख्दछन् । धार्मिक फल प्राप्त गर्न माङल गाएको अनुमान गर्न सकिन्छ । मांङ Γ ल दुई शब्द मिलेर बनेको छ । माङ को अर्थ माग्नु र ल को अर्थ दिनु भन्ने हुन्छ । त्यसैले निर्विघ्नता पूर्वक काम सम्पन्न गर्न र कर्ताले गरेको कामबाट देउतालाई खुसी पारी उचित फल वा आशीर्वाद माग्न नारीहरुले गाउने गीत हो । संस्कारगत कर्म र पूजाआजाको वेला घरमा मंङल्यारी बोलाई गाइने माङल कर्ताको हितका लागि गाइन्छ । मठमन्दिरमा चाडपर्वको बेला गाइने माङलमा प्रत्येक व्यक्ति आफ्नो हितका लागि देवताबाट केही कुरा माग्न धेरै अनुनय विनय गर्दछन्, भने कतिपय रुदै माङल गाउन थाल्दछन् ।त्यसैले माङल आवश्यक वस्तु माग्न गाइने गीत हो । तेजप्रकास श्रेष्ठका अनुसार धर्ममा कट्टर नेपाली समाजले कुनै कामको थालनीमा ईश्वर सम्झने परम्परा अनुरुप नै होला हुड्केली गाथा गाउँदा हुड्केले आफ्नै किसिमका मंगलाचरण गाउँछन्। ईश्वर सम्झन्छन् र सम्झाउछन् । रामविक्रम सिजापतिका अनुसार [२९] माङल गीतले देउताहरुका गुण तथा धार्मिक प्रवृतिको बखान बखानेको हुन्छ ।

विजय चालिसे भन्छन् : [३०] “माङल र फागमा देवी देवताका वर्णनहरु तथा भक्तिवादी र स्तुतिवादी साहित्यहरु पाइन्छन् ।”

वभ्फाङ कालुखेती गा.वि.स.मा भनिने माङललाई महाकालीतिर फाग भन्ने गर्दछन्, तर सेतीका अरु जिल्लामा भने माङल भन्छन् । दुवै क्षेत्रका माङलको अध्ययन गर्ने हो भने आशय र भाव एउटै छ । खाली शब्दगत भिन्नता मात्रै छ । संयुक्त शब्दकोशको निर्माण नभएसम्म यो विवादको अन्त्य होला जस्तो छैन ।

---

२९. सिजापती, रामविक्रम, **माघ गरीमा जुम्लाको धार्मिक विषशताका रुपमा मैठादेऊ**, पृ. ३६, २०४८ ।

३०. चालीसे विजय पूर्ववत पृष्ठ १२२ ।

### ३.६.३ फाग

फागलाई पनि एक प्रकारको मङ्गल गीत मान्न सकिन्छ । सेती अञ्चलतिर गाइने माङल महाकाली अञ्चलका फाग हुन् । बझाङ्ग जिल्लामा भने फाग भन्नाले भिन्नै किसिमका देवगाथालाई भन्ने गरिन्छ । यी फाग माङल भन्दा निकै लामा हुने गर्दछन् । मन्दिरमा पूजा गरेपछि रात्रि खडरात्रि (जाग्राम) बस्दा रात बिताउन फाग गाउँछन् । फाग लाङो देवता, खापर देवता, दुदिर देवता, मस्टा देवताका वारेमा गाउँछन्। देवताको उत्पति, उसको शक्ति, क्रियाकलाप, चरित्रको वारेमा गाइने भएकोले फागलाई मंङ्गल गीत भन्दा पनि धार्मिक गाथा भन्न ठिक देखिन्छ । फाग पुरुषले गाउँछन् । यो माङल भन्दा भिन्दै शैलीमा गाइन्छ । यसलाई एक जना सिपालुले एकातिर गाउने र अरुले अर्को तर्फ भन्ने गरिन्छ । बझाङ्गमा मौरी बस्ने घरलाई फागो भनिन्छ । मौरी फागो भित्र भुनभुन आवाज निकाल्दछ । यहाँका मठमन्दिर पनि डाँडाँमा हुने भएकाले डाँडाँमा गाएको सामूहिक गीत टाढासम्म सुनिने भएकोले फाग भन्ने अनुमान गर्न सकिन्छ भन्ने भनाई स्थानीय वासी वर्ष ८० कि गोपा थापाको छ ।[३१] यस सम्वन्धमा तेजकान्तको भनाई अलग छ ।[३२] " फागको माहुरीको घरसँग कुनै सम्वन्ध छ वा छैन यो खोजको विषय छ भने फाग गीतको नामाकरण गीतको ध्वनि अनुसार भयो । यो पनि विवादास्पद नै छ । फाग मंगलको कामना भन्दा पनि देउताको भक्तिमा गाइएको देखिन्छ ।"

बझाङ्ग कालुखेतीका जनताले मुद्धा मामिला जित्न , आफूलाई आवश्यक माग्न , हराएका चिजवस्तु असुल गर्न , देवतालाई खुसीपार्न वा फकाउन फाग गीत गाएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यसको अध्ययन विश्लेषण नहुन्जेल परिभाषा किटान गर्न सकिदैन तापनि यो भक्तिवादी गीत हो , धार्मिक गीत हो र स्तुतिवादी गीतनै भन्न सकिन्छ । यो पुरुष प्रधान हुन्छ ।

---

३१. श्रेष्ठ, तेजप्रकास, अछामी लोक साहित्य, काठमाडौ : रत्नपुस्तक भण्डार पुष्ठ ६५, २०४४ ।
३२. थापा, गोपाका अनुसार, २०६७ ।

परिच्छेद-चार

# माडलको सङ्कलन

माङल अध्ययन गर्न सजिलो होस् भन्नको लागि वझाङ्ग कालुखेती गा..वि.स मा गाइने विभिन्न माङलहरुलाई खण्ड खण्ड गरी यसरी देखाउन सकिन्छ ।

**खण्ड : क**

## ४.१ संस्कारगत माङल

### ४.१.१ मण्डप निर्माण गर्दाका माङल

काँतिर वस्या वालाज वर्मा

काँतिर वस्यो भारा पुस्तक

पश्चिम वस्या वालाज वर्मा
पूरिव वस्यो भारा पुस्तक
उत्तर तिर राखिहाल्यो मण्डल
चाँदीका खम्व रोकाया
सुनको होम्याउलो रोखायो
सुनलाछी ठिन्डो साँच्यो
सुनका पहरु फेरायो
केलणीका खम्व रखाइदेउ
नेता वावियाका रखाइदेउ
मैच्याका कपडाका पहरु फेराइदेउ
जौ तिलका चरु चणइदेउ
तामा तुलसाको सुरो वनाइदेउ
मुसीखाया माटाको हुम्याउरो सजाइदेउ
पाति पलास को खम्व रोपाइदेउ
पैया पातिको ठिन्डुल सारीदेउ
मैच्याका कपडाको मसेउटो सारीदेउ

### ४.१.२ छैंठीका माङल

पइलो फूलफुल्यो ढाँटै फूल फूल्यो
दोरसो फूल फुल्यो ढाटै फूल फूल्यो
तेश्रो फुल फुल्यो केसरी जामियो
चौथो फूल फुल्यो वालो जरमियो
मेरोवालो भउतै सजल
मेरो वालो भउतै सुजल
जैले मेरा वालाको  छैटि होला
उइलै मनकी उज्याली होला
तेरावालको सिर ज्वली नाइप
तेरावालाको मुख ज्वली नाइप
तेरावालाको हात ज्वली नाइप
तेरावालाको ओठ ज्वली नाइप
तेरावालको दन्त ज्वली नाइप
तेरो वाल मिन्डली ज्वलो जन्म्यो
मनकी मदुरी कै छौ
जैल मेरा वालाको वर्तिवन्ध होला
उइल होला मनकी उज्याली

### ४.१.३ न्वारनका माङल

को देउ आया पुरिववाट
को देउ आया उत्तरवाट
को देउ आया पश्चिमवाट
वाह्र रासि चन्द्रमा आया
सुकर देउ उत्तरवाट आया
वरीपरी वस्या वाह्र रासी नै ग्रह

आ आफ्ना आसन वस्या
तुङ्गीफूल देउ नैवेद्य देउ

### ४.१.४ कपाल मुण्डन गर्दा

लोहा त लोहा परिब्या
मेरा माथा घाउ जन लाया
दुध भिजायका घिय भिजायाका
मेरा माथा घाउ जन लाया
मेरा सुन छुर पाली छ
तेरा वाला घाउइन लाउनु
सणाका पोखज माखि मेणि फुकाइदिउला
छोड छाड जिया मेरी समनकी खाल
मेरा केश भइया जनफाल
वाह्र मास मेरा वाला गर्भ राख्या
माना माथी भउतै दुवैलो छ
छोणी दिउला मनेठि की ताल
सेलाइ दिउली दुविज चौण
बुवा मेरा निरगुनी कासी पढ्न लाउना
आमा मेरी माया जालु घर फरकाई आन्नी
काका मेरा निरगुन कासी पढ्न लाउना

### ४.१.५ ब्रतवन्धका माङल

पल्लाघर जेठु आमा मेरो वोलु ल्यउन
वेणाला दूध फुट्यो तमी हाम्री जिया भया
सर्पको दूध दुया तमु भाउल्या पाल्य
विच्छुको दूध दोया तमु भाउल्या पाल्य
सापको दूध बाघको दूध दिन भयो साखले

तमरी अनार तमरी अनार
सिर हेरु पाउ हेरी तमरी अनार
छ सिया हात दिदी माथा पुछिहेल
राइत्या हात पखाली हेर
चादिका खम्व लैजा सुनको पहरु लैजा

### ४.१.६ विवाहका माङल (दुलहीलाई विदाइ गर्दा )

धोउन धोउन बुवा मेरा पाउ छाली सिर
बुबा ज्यूका गोरु हेर्दा नालि काँणा बिज्या
बुबा आज मेरो काली रात पाइतो
बुबा ज्यूका गोरु हेर्दा पाथी जउँणा पण्या
खाट सुत्या बुबा मेरा पाउ छारी सिरक
सल्ली की सुवाट जिया सल्ली भुघाट
कसिअरी झाउला
रोइरोइ काट बाल कन्या
हणी हणी काट कालो लेक

### ४.१.७ विवाहमा चामल भिजाउँदाका माङल

झान झान नारायन माथी मन्तालोक
वाइरे तुलासाको माला माथी मन्तालोक
सवना हाली तुलसी को माला लैयाउ
चैतमास तुलस कुटुरी रुझ्यो
वाइतान तुलसा ताउला पणीगइछ
वाइत तुलसा नेरसाटा गयो
जेठमासी तुलसा ब्याउ रचाइहेल्यो
असाढका तुलसाले वयाल खेल्दी भइछ
कनतँ तुलसा आर्जनु आर्जयो

कनतँ तुलसा गोडाउनी गाडायो
दुलैया की वैनलाले गोडाउनी गोडायो
बुबाज्यूले आर्जनु आर्ज्यो
काँ तेरो साली जामल जरमन भयो
सुन जै ली सेउती सेरा जरमाउलो भयो
दुलै घरी लीयो औतार
दलै का बुबाज्यूले आर्जनु आर्ज्यो
दुलज्यूकी जियाज्युले सचायो
आजु लाउन पुतका लगन
वाह्र वर्ष साच्यो अन्न पुतकाई लगन
वाह्र वर्ष साच्यो धन पुतकाई लगन
काकी मेरी मायाजालु घर फरकाई आन्नी
काँतेरो सालीजामल जरमन भयो
सुनजौली सेउती सेरा जरमन भयो
दुलै घरी लियो औतार
दुलइकी बुबाज्यूले आर्जनु आज्यो
दुलज्युकी जियाज्युले सचायो
आजु लाउन पुतका लगन
वाह्र वर्ष साचो अन्न पुतकाइ लगन
बाह्र वर्ष साँचो धन पुतकाई लगन

### ४.१.८ सेलरोटी पकाउदाका माङल

जलासागर जलथल कुरुम धरतुलीमाइ
भारी वसुन्धरा दुवीचौण छ कुसुमको भारी
कुसुमकी भारी मुथी क्या कि डिलनी छ
कुसमकी भडी मुथी सुनकी डिलन छ
सुन डिलन छ ता रुपा डिलनी छ

क्या कुण्यानि छ
रुपा डिलनीका सुनकी कुण्याली
कोरे हुन्ना दुलैयाका पानी बोकन्या
कोरे हुन्ना भ्काजरु हेराउन्या
राम चन्द्र लछिमन पानी बोकन्या
सीता रानी भ्काजरु फेराउन्नी
तमारा बाहुली भउतै उत्तीम छन् ।

### ४.१.९ गोडा धोएर टिका लगाउँदा

तलम्मा नागमल्ल राजा
हरयो भया गया इन्द्र मल्ल राजा
क्या काम भ्काना इन्द्र मल्ल राजा
कन्या वर खोज्न भ्काँदो
मुरे भ्कानो ज्वइबरु खोजन
माभ्क चौवाट भेटु भैगयो

### ४.१.१० वरणी गर्दाको माङल

वस तमे जनती कुसुमका भाडी
कुसुमका पात जन माण्या
कहाँ तमु जनतीकी पडिगैछ रात
को तमुले सनान साचा
लोकन डंगुर पडि गैछ रात
बसुधारा सनान सान्याउँ
खाउतमे जनती खाना लैय खाउँ
गलिग्या जनती मभ्केली भ्काइ वस
खाउ तमे रामचन्द्र पनिलैय खाउ

भनतमे रुखविना तम्रा वावा नाउँ
बुवाको नाउँ नपाण्या पानी लेख खाउँ
बुबाको नाउ  मेरो दक्षप्रजापति
आमाको नाउँ मेरी कौसल्यावती
लुकतमे वाली कन्या गाउका मझेली

### ४.१.११. गौदानका माङल

काँ तगरो कैलागई जरमाउलो भयो ?
काँ तमरो लियो छ अवतार
लक्ष्मी घर जरमाउलो भयो
ब्रहमघरी लियो छ अवतार
कनले तमुकन निम्त्याउनी निम्त्यायो ?
कनले अनाउनी अनायो ?
कनयाका बुवाले अनउनी अनायो
काँ तमु कै गाईले सनान सार्‍या ?
कनले पाउ छाली दियो ?
कन्याका बुवाले पाउछाली दियो
तमरो होइझाउ जुगजुग धरम

### ४.१.१२. चन्दन लगाउँदाका माङल

आनवाला दुलयाकी मिणि माथि वस
जनमेरा वुवा ज्यूले तिलक पैरायो
जिया बुबा लाख वरिस
आनवाला दुलयाकी मिणिमाथि वस ।
जनमेरी इजु ज्यूले चानन पैरायो
जीया इजु लाख वरिस ।

### ४.१.१३. कपडा लगाउँदाका माङल

आन आन इजु मेरी लवाबाकस
आन  आन इजुमेरी रागसगुन
मेरी भैछ लगनकी बार
मुरेभ्रुानो इजा मेरी लंका सीता व्याउन
दशमास बालामुइले गवैमा औण्याया
आज बालो सीता व्याउन गयो ।
दिभ्राबाला कोखीको लात
दिभ्राबाला दुदणीको मोल
लानबाला दुलयाका पायाका मोचा
वाइमथी पैरबाला रागसुतन
वाइमथी पैरबालामाथको टोपी
वाइमथी पैरबाला गाथा पागो
वाइमथी पैरबाला रुद्राक्षमला
वाइमथी पैरबाला माथकी साइ
आन आन इजुमेरी उरन घाँघरी
आन आन इजुमेरी हातको हिरौदा
मुरे भ्रानो इजुमेरी लंका सीता व्याउन
आफूबाला दुलयाका लंका सीता व्याउन
लंका सीता ब्याई इजु घर मैप आउला
वाइ काटुला इजु दुदणिको मोल
वाइ काटुला इजु छातीको लात

### ४.१.१४. कपडा सिलाउँदाका माङल

शिशु बाला रायाका नाता छेकायो
कृष्ण जीको जोल्या लैन आयो ?

का तेरो मखमल जरमाउलो भयो ?
माल न मदेश मेरो जरमाउलो भयो ।
ब्रह्मघरी लियो छ अवतार
कनले मखमल अनाउनी अनायो ?
कनले यइ ठाउँ आनी पुऱ्यायो ?
दुलयाका बुबाज्यूले अनाउनी अनायो ।
तमरा वरले अनी पुऱ्यायो ।

### ४.१.१५. गहना निर्माण गर्दाका माङल

शिशुबाला रायाका गहना ढलायो
कृष्णजीको जोल्या लैन आयो ।
हा ! हा ! कृष्ण धाया मुइले तोइ
शिर शिरबन्दी कान ढुङरी
बनाइछ सुनार नथबाकी फूली
तमरो होइझाउ बैकुष्ठबास

## खण्ड ख

## ४.२. चाडपर्वका माङल

### ४.२.१. देवतालाई निमन्त्रणा गर्दाका माङल

वाइरे परी लालापाटन रुखी पाटन
वाइरेपरी.भिटाइहेरी वर्मा कि  पनेरी
होइन हो पनेरी चेली मेरो बोलु लेन
वर्मा जिका घर जाने बाटो जताइ देउन
बाटो जताइ देउली रतु क्यापाउली
बाउली को हिरौतो खुसाई

पन्यारीका पोल्ठा
जोलीमारका भुकना हुन्ना
जोली बिराला बस्याका हुन्ना
चौपारी चिन्याको होला
देलाम्मो होला अमर डाली
पिठारा होला अमिला भाडी
पन्वौल होला कुमला फुल
तामा तुलसा का छत्र होला
काँस कुँस को कुवेटी होला
अन्वैल जोला तमि जन वस्या
बस्या तमि माझा चौपारी
इमिल्याणी ओटाली डिठ जनहाल्या
पौँली खणक्याउने लौणी खड्क्याउने
को होइ चौपारी बस्याको
कोरे लोभ्या पाउनु होल्लइ
ब्वारी को माइती पनि होउन
चेलीको कोइली पनि होउन
मुरे आया वाउनी वज्यै तमरा निउता
बाउन बाज्या घर छन् की नाइप
तमरा त बाहुन बाज्या ठुली रसिया छन् ।
तँ रे जोली चेला क्या कन आइस
कोद्या खाना वर्मा मेरी मन्तालोक
मुरे चाइया सत्यधारी वर्मा
हामे हउलाी सत्यधारी वर्मा
तमरो जरमन काँ हो
सात समुन्द्र पारी जला सागर छ
विष्णु भगवान सुत्याका छन् ।
विष्णुका नारी कमला अवतार यो

कमलाका फूल वर्मा जि अवतार या
जरमन कमलका फुलभयो रजथान काँ हो
वर्मा लोक रजथान छ तमरा स्नान काँ हुन
कासि कुण्डल मेरा स्नान छन् ।
तमरा तपस काछन् ।
दुल्लुका डाडा तपस छन्
वुवा ज्यु का दाणी मा
गमेणी का घोल पुऱ्याका छन्
साम वेद छन् चर्तुवेदी छन्
साम वेद भन्दा चर्तुवेद जेठाहुन
प्रजापति जेठा वेद हुन
कसो अरी लिउ भारा पुस्तक
कानजा आल वहुमुख्या झोला
हात ज समाउ निगाली लौडी
दाइना हात समाउ सुन सुरुवा
घोचो वान सुन पहरु
वाइ सजाइदिउला हुम हुम्याउणे
रुमाल वान्या वेले पातणो
चलाइ होइजाउ प्रजापति
मेरा मन्तालोक
तरी मन्तालोक मामा भान्ज एकाई खाट सुत्ता छन्
चेला राम मचाउदाछन् वावु हलो जोत्ता छन्
सासू पान हाल्ली छन् ब्वारी राम मचाउनीछन्
कैला दुध छैन दुध दै छैन
छास नौना छैन स्वर्ग वाल्दो छैन धर्ति ओस छैन
तेरा पापी मन्तालोक झानाइन झानो
मायाचेली ऐचो पैचो अर्नी छन्
काली कैलु गाइ एकीपारा दुनिछन्

तेरा मर्त्यालोक पाउलो पनि सार्दैन
चलाई होइजाउ वैसन्त पिपला चुथा
पिपलाका चुथावाट पिपला हाँगा
पिपलाका हाँगावाट पिपलाका फेद
पिपलाका फेदवाट वर्माजी का माथा
व्रर्माजीका माथावाट व्रमाजीका कुम
व्रर्माजकि कुमवाट व्रमाजकि बाउली
मण्डलका चितै भल आयो
क्या आगो व्रमाले दिण्डुल सजायो
क्या आगो व्रमाले मस्कुटो सजायो
सुन लाछी व्रर्माजीले मस्कुटो सजायो

### ४.२.२. मस्टा देवताका माङल

इन्द्रको जायो मस्टो वोलायो
माल मदेशहइ पर्वत आयो
पर्वत आइ गोसाइ हरोफेरो च्वाई
हेरोफेरो च्वाई  गोसाइ मानवी रक्षापाल
देउवाज मस्टो आउना कैलागाइले जानि
मेरो अन्त जनअरेइ तो कैलो गाइ
तुरे दिउला तुरे दिउला दुधै भण्डार
बाभ्क जडी छाडी गोसाइ वाइस मड आई
बोलला मस्टो गोसाइ धुनधुरी वालो
चलला लाटो बोलला साही
दरीद्री काट्ला मस्टो गोसाई

### ४.२.३. दियो जलाउँदाको माङल

कारे तमु दियाडीको जरमनु भयो ?
काँरे तमु दियाडीको अवतार भयो ?
मालकी थली जरमाउलो भयो
भन तगे दिगाडी कनले वनायो ?
सुनारका वेराले बनाई सजायो
कैली गाइका गौतले अवसेगी अऱ्यो ।।

### ४.२.४ आगो उत्पतिका माङल

मण्डलमी चाइगया वालाजु वैसन्त
कसु देश हुन्ना ती
झाउन झाउन नाराइनौ
वैसन्तका खोज
ब्रह्मा विष्णु वैसन्तको सभा लाग्याको छ
स्वर्गका ओण धर्तीका छोण
जीव जिब्या पानि तपसिल्या ढुङ्गो
झाउतमि वासुदेव वैसन्तका खोज
वाह्र जोला हातका लौणा
बाह्रै जोला पौला फाट्या
बाह्रै जोला हणका लुगा फाटया
मोती मल्ल रानी सोधिहेल
उइ जानन्नी वैसन्तीकी वात
मइरे उदय सुरिजे छिया
अचेल भया मनकोइला रानी
झाउ झाउ मोती मल्ल रानी
सोधीहेल वै जानन्नी

स्वर्गका ओण धर्तीका छोण
जिवजिब्या पानि
तपसिल्या ढुङ्गो
डङ्सिल्या ढुङगो खोजिहेल तमि
ल्वाखे पेटारो  उघाणी हेर
सुन पेटारो उघाणी हेर
वाइरे हुन्ना वालाजु वैसन्त
मेरी मत्यालोग चलाइ होइजाउ
तरी मत्यालोग पापले भरीयाृ
वर्मा वेद छैन
खाणा वेजो छैन

### ४.२.५ विभिन्न देवताहरुको उत्पतिका माङल

स्वर्गका ओण धर्तीका पुरी दिशा
ऋखिका दय वरीपरी वनारसी माभ्काऋखीदय
दुधका कुण्ड दैका कुण्ड धियका कुण्ड
काँस कसको कुवेटी दैत्यका कुण्ड
मधुज वन केशरी जिउलो लुवाका खम्व
कुसुमका ढाकी कुमलुको फूल फूली
एक पात्य दुई पात्या तिन पात्या चार पात्या
पाँच पात्यामी मगम ग भैछ
तसी फूल केसरु जाम्यो
तसी कुमलु कैल जरम्यो
कैल का कैल कैस कैल
सुनका सिंङ रुपाली पाउ
तामा तुलसाको पिठी छ
चाँदीका दन्त छन् । कासाको कचौडो

सामरी पुछुड जरम्यो

दैत्य कुण्ड माली जरम्यो

शेख कुण्ड वेताल जरम्यो

मधुवन वाठपालो जरम्यो

केशरी जिउलो मालको थली

लागो देउ जरम्यो

उम्रिगयो भागो

जरम जेठा  वाठपालो

कर्म जेठो लाँगो

दशमास्या पाँठदेउ

आठमास्या लाँगो देउ

सिर जरम्यो सिर कल्यादेउ

पौन जरम्यो पमर भैसी थापो

**खण्ड ग**

## ४.३. अन्य विषय वस्तुसँग सम्वन्धित माङल

### ४.३.१. ढोकामा नयाँ वाली लगाउदाका माङल

धनज माझ को अन्न जेठो
अन्नज माझा जौ अन्न जेठो
वर्माज माझ कोहुन्ना जेठा
वर्माज माझ प्रजापति जेठा
ति यै चाइया पुतज लगन
धर्तिज माझ दुहज जेठो
पसुज माझ गोदावरी जेठो
फूलज माझ मखमली जेठो
जलज माझ कैलासपूरी को दय जेठो

### ४.३.२ धामी (झाँक्री) चल्दाका माङल

चल गोसाई असिम गाउ देउरणी चल
अपुरो सामाल गोसाइ कुटाइ देउला
मइला लुकुणी गोसाइ सुजाइ देउला
तमु गोसाई असि गाउ क्याकी ढिला भया
निगाला तोडी चल गोसाइँ पखान फोडी
टिप्या टाप्या फूल पाती ओइलाई खेर गयो

### ४.३.३ वेदी पुर्ने वेलाका माङल

काँ तमु वरामन जरमन लिया
काँ तमु वरामन स्नान गऱ्या

गुगुल नगरी मैले जरमन लियाँ
भागरति स्नान अऱ्या
काँ तमु वरामन पणी गुणी आया
काँ तमु वरामन चली वर आया
मथुरा नगरीवाट चलीवर आया
आउ तमि वरामन बस तमि वरामन
हियो जन डगा ब्रह्मा बाउली जन कमा
वेदी चाइयो सवैतिर काज
आउ ब्रह्मा पुरीवमुखी
पाउछाल दक्षिन तिर
हरीया वरनकी वेदि पुऱ्यो वरामन ले
हियो जति छै मेरो वेद पुऱ्यो
वाउली यो सुरधार
दन्तजतिछन् मेरा सुनका मोल्या
सिरजति वेलको गेणा
कैसा रङकी वेद पुऱ्यो व्रह्माले
क्याकी वेदिपुऱ्यो वरामनले
क्याका खम्व रोकायो
मैदाकी वरामन ले वेदि पुऱ्या
विष्णुका खाम रोकायो
फूलकी व्रह्माले वेदिपुऱ्यो
पैयाँ का खाम रोकायो

### ४.३.४ घरको शिलान्यास गर्दाका माङल

चन्द्र सुरजे सम्झी वास्तु पुजा अरे मैले
दाइना भया चन्द्र सुरजे
मस्टा देउ सम्झी वास्तुपुजा अरेमैले

दाइना भया मस्टा देउ
गणेश र देउ सम्भी वास्तु पुजा अरेमैले
दाइना भया गणेश र देउ
तेत्तिस कोटी देउ सम्भी वास्तुपुजा अरेमैले
दाइना भया तेत्तिस कोटी देउ

### ४.३.५. नाक कान छेड्दाका माङल

सगुन दिन्नी सरस्वति लगुन दिन्नी वृरस्पति
कनले सगुन दियो कनले लगन दियो
आमाज्युले सगुन दियो वुवाज्यु ले लगन दिया
अयादिले मंगल सार्‍यो
लगनकी दिउला मै पहेलो पीठायो
सगनकी दिउला मै सालीका अक्षता
जय मंगल गाउन  लक्षीन वोलुन्नी
ऐसा सुवा सगुन दे
सगुन दिउला मै लगुन दिउला मै
भोजन क्या क्या को दिउला
दुग वनाउ परेवा तेरा
खरवाध रुप तेरा

### ४.३.६. तीर्थस्थलमा जाँदाका माङल

ऐलका तिरथ कै को पालो पणो वाला
ऐलेका तिरथ मेरो पालो पणो जिया
बनाउ जिया सातु सामल
भाउ वाला तिरथ विया माइखि लागी
भाउ वाला तिरथ पितर खिलाइ

मन्तालोक पितर बोलाया

गया कासि , प्रयागराज , हरीद्वार  तिरथ

ईजुकी लागी हरीद्वारा

बुबा ज्यूकी लागी गया काँसी

अरु तीर्थ गयै बाला पितरखि लागी

# परिच्छेद- पाँच

# माङ्ल गीतको अध्ययन विश्लेषण

## ५.१ संस्कारगत माङल गीतको अध्ययन विश्लेषण

बझाङ जिल्लामा माङल पूजाको वेला, संस्कार कर्ममा गाइने मंङ्गल गीत हुन । यसलाई संस्कार गीत पनि भनिन्छ । हिन्दूहरूका सोह्र संस्कार मध्ये मृत्यु संस्कारलाई छाडेर अन्य संस्कारमा  महत्वपूर्ण मानिन्छ बझाङ्ग जिल्लाको कालुखेती गा.वि.स. मा सवै हिन्दू धर्मावलम्वी बस्छन् । यहाँ वैदिक शास्त्रमा उल्लेखित सोह्र संस्कार मध्ये मृत्यु बाहेक अन्यमा माडल अनिवार्य गाउँछन । त्यसमध्ये केही संस्कारका माङलको लोप भइसकेको छ भने केही माडल प्रचलनमा छन् । संस्कार कर्मबाहेक अन्य कामको थालनीमा माङल गाउने चलन भए तापनि हाल त्यस्ता माङल भेटाउन सकिदैन । यी बाहेक सप्ताह, नवाह, पुराण, लगाउँदा घरको प्रतिष्ठा गर्दा मण्डप बनाउँदा, विवाहमा गाउने माङल भने विद्यमान अवस्थामा जीवितै छन् । जन्मपूर्वका गर्वाधान, पुंसवन ,सिमन्तोनयनको शास्त्रीय मान्यतामा रहेपनि माङल भने छैनन् । वरु महिला पहिलो चोटि रजस्वला हुँदा देउतालाई भेटी चढाउने चलन कतै कतै देखिन्छ । यो  शोधको उद्देश्य बझाङङ्ग जिल्लाको कालुखेतीमा गाइने माङलको संकलन र विश्लेषण रहेकाले तिनलाई क्रमवद्ध रुपमा मिलाउनु उचित हुन्छ । त्यसैले त्यस ठाउँमा माङल गाउनु भन्दा पहिले सगुन गाउने चलन  छ । त्यसपछि माङल गाउँछन् । जे भने पनि दुवै माङल गीत हुन् । यी संस्कारगत माङललाई निम्न अनुसारका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ ।

### ५.१.१ विषयवस्तुका आधारमा

संस्कारगत माङललाई यहाँका बासिन्दाले संस्कार कर्ममा हुने विभिन्न विषय वस्तुमा विभाजन गरी गाउने गर्छन् । जन्म पूर्वका गर्भाधान, पुंसवन र सिमन्तोनयन बाहेक अन्य विषयमा माङल गाएको भेटिन्छ । छैटी, कुनै कार्यका लागि मण्डप निमार्ण गर्नु पर्दा देवताहरुको स्थान कुन कुन ठाउँमा बस्छन भन्ने कुरा माङलबाट नै प्रष्ट हुन्छ । त्यस्तै माङगलमा भ्रूँणलाई फूलसंगै तुलना गरी पहिलो फूल, दोस्रो फूल, तेस्रो फूलसम्म पनि नजन्मेर चौथो फूल फुलेर बालकको जन्म भएको भन्ने  विश्वास गरिएको छ । त्यस्तै न्वारनको विषयलाई लिएर माङल गाइन्छ । विशेष गरी गा.वि.स. मा छोरा छोरी जन्मे भने न्वारन कर्म गरिन्छ ।कपाल मुण्डन गर्दा विशेष गरी छोराहरुको गर्ने गरिन्छ ।  ५ वर्ष सम्ममा कपाल मुण्डन गरिन्छ । तीर्थमा वा घरमै मुण्डन गर्ने चलन छ । त्यस्तै विवाहका बेलामा पनि दुलाहाको घरमा सेलरोटी पकाउँदा पनि सीतारामलाई दुलही दुलाहाको उपमा दिएर सीताले झाँजर चलाउने र रामचन्द्र र लक्ष्मणले पानी बोक्ने भन्ने माङल गीत गाएको पाइन्छ । जस्तै :

जलासागर जलथल कुरुम धरतुलीमाइ
भारी वसुन्धरा दुवीचौण छ कुसुमको भारी
कुसुमकी भारी मुथी क्या कि डिलनी छ
कुसमकी भडी मुथी सुनकी डिलन छ
सुन डिलन छ ता रुपा डिलनी छ
क्या कुण्यानि छ
रुपा डिलनीका सुनकी कुण्याली
कोरे हुन्ना दुलैयाका पानी बोकन्या
कोरे हुन्ना झ्फाजरु हेराउन्या
राम चन्द्र लछिमन पानी बोकन्या
सीता रानी झ्फाजरु फेराउन्नी
तमारा बाहुली भउतै उत्तीम छन् ।

दुलहीलाई गोडा धोएर टीका लगाउँदा पनि माङल गाएर टिका लगाउने चलन छ । त्यस्तै ब्रतवन्ध पनि हिन्दू धर्मावलम्वीको प्रमुख संस्कार भित्र पर्छ । जनै लगाउने कार्य नै ब्रतवन्ध हो । यस कार्यमा निम्न माङल गाइन्छ । जस्तैः-

पल्लाघर जेठु आमा मेरो वोलु ल्यउन
वेणाला दूध फुट्यो तमी हाम्री जिया भया
सर्पको दूध दुया तमु भाउल्या पाल्य
विच्छुको दूध दोया तमु भाउल्या पाल्य
सापको दूध बाघको दूध दिन भयो साखले
तमरी अनार तमरी अनार
सिर हेरु पाउ हेरी तमरी अनार
छ सिया हात दिदी माथा पुछिहेल
राइत्या हात पखाली हेर
चादिका खम्व लैजा सुनको पहरु लैजा

यस कार्यमा गणेश, कलश, बत्ती र नवग्रहको पूजा गरी बालकलाई ठूलो तामाको ताउलीमा राखेर रौँ काटी गुरुबाट जनै लगाई दिन्छन् । गुरुले मन्त्र सुनाई सकेपछि बुबा, काका, बाजे, दाइ आदि मान्यजन सबैले पालै पालो मन्त्र सुनाइ दिन्छन् । माथि उल्लेखित माङलमा बालकले वल्ला पल्ला घरकालाई पुकारेको छ । साखले सर्प र बाघको दुध दिएको कुरा दिदीले भाइलाई सुनाउँछिन् । त्यस्तै दुलहीलाई विदाई गर्दा पनि माङल गाउँछन् । माङलको विषय वस्तु यस्तो रहेको छ । बुआ सल्ली लेक काली रात छ म कसरी जाँउ ? भन्ने प्रश्न गरेको छ, । रोइ रोइ हिडेर कालो लेक पार गर्दै जाऊ भनेर आमा वुवाले अर्ती उपदेश दिएको छ । विवाहकै वेला दुलाहा पक्षको घरमा सेलरोटी पकाउनका लागि चामल भिजाउने गरिन्छ । विवाह जानु तीन दिन अघि तामाका पाँच भाँडामा चामल पाँच मुठाका हिसाबले भिजाइन्छ । ऋषिको माङल अनुसार तुलसाबाट धानको विकास भएको कुरा उल्लेख छ । चामलको उब्जनी कुन ठाँउमा भएको कुरा उल्लेखित छ । साथै विवाहको प्रसङ्गमा माङलले वाह्र वर्ष सम्म साँचेको अन्न छोराकै लगनका लागि हो धन पनि छोराकै लगनका लागि साँचेको भन्ने सन्देश पाइन्छ । जस्तैः-

लोहा त लोहा परिब्या
मेरा माथा घाउ जन लाया
दुध भिजायका घिय भिजायाका
मेरा माथा घाउ जन लाया
मेरा सुन छुर पाली छ
तेरा वाला घाउइन लाउनु
सणाका पोखज माखि मेणि फुकाइदिउला
छोड छाड जिया मेरी समनकी खाल
मेरा केश भइया जनफाल

### ५.१.२ लयका आधारमा

संस्कारगत माङलहरु विशेष गरी संस्कार कर्ममा गाउने गरिन्छ । यसमा विशेष गरी मङल्यारीलाई ससम्मान निमन्त्रणा दिएर बोलाउँने गरिन्छ । यसमा विशेष गरी तीन जनाको समूह हुन्छ । विशेष परिस्थितिमा एकल महिलाले पनि गाउने गर्दछन् । अर्को तर्फ माङल वृद्ध

आइमाई र सधवा स्वर भएकी नारीले गाउने गरेकाले धेरैको चासो नहुन पनि सक्छ । जति उमेर ढल्कदै जान्छ ।  त्यति मङल्यारीको चासो र सहभागिता बढ्दै जान्छ । त्यसैले एक गाँउमा २ वा ३ जना मङल्यारी मात्र देखा पर्छन् । माङल सधैँ एउटै नारीले गाउँने हुँदा सिर्जना गर्न वा परिवर्तित गर्नु पर्दैन् । मङल्यारीलाई माङल कण्ठस्थ हुन्छन् । माङल प्राय जसो १३, १४, १५ अक्षरका हुन्छन् भने बीच बीचमा ७ औं अक्षर पनि हुन्छन्। माङलको लय मिलाउन लाई लामो हरफलाई छिटो छिटो  गाउने र छोटो हरफलाई लामो पारेर गाँउदा माङलको लय मिल्ने गर्दछ । माङल गाउँदा मङल्यारीहरु विशेष भावुक हुन्छन् । एउटा हात गालामा राखेर गाउने गर्दछन् । उता कर्ताले जुन कर्मको थालनी गर्छ । मङल्यारीहरु पनि उसै कर्मको माङल गाउने गर्दछन् । कुनै अक्षरमा स्वर तन्काउने र कुनै अक्षर छिटो छिटो उच्चारण गरेर माङलको लय मिलाएको देखिन्छ । धेरै वर्षको अनुभवका आधारमा मात्र माङलको लय टिप्न  सकिन्छ । यसमा कुनै छन्द हुँदैन । त्यसैले सबैले यसको लय टिप्न सक्दैन। विशेष गरी झ्याउरे लयमा नै माङल हुने  गर्दछन् । जस्तैः-

काँतिर वस्या वालाज वर्मा

काँतिर वस्यो भारा पुस्तक

पश्चिम वस्या वालाज वर्मा
पूरिव वस्यो भारा पुस्तक
उत्तर तिर राखिहाल्यो मण्डल
चाँदीका खम्व रोकाया
सुनको होम्याउलो रोखायो
सुनलाछी ठिन्डो साँच्यो
सुनका पहरु  फेरायो
केलणीका खम्व रखाइदेउ
नेता वावियाका रखाइदेउ
मैऱ्याका कपडाका पहरु फेराइदेउ
जौ तिलका चरु चणइदेउ
तामा तुलसाको सुरो वनाइदेउ
मुसीखाया माटाको हुम्याउरो सजाइदेउ

पाति पलास को खम्व रोपाइदेउ
पैया पातिको ठिन्डुल सारीदेउ
मैऱ्याका कपडाको मसेउटो सारीदेउ

### ५.१.३ भाषा शैलीका आधारमा

वझाङ्ग कालुखेती गा.वि.स.मा ठेट बझाङ्गी भाषिका बोलिन्छ ।यस भाषिकाका आफ्नै विशेषता छन् । माङल पनि मौखिक रुपमा हस्तान्तरण हुँदै अएकाले माङलको भाषाशैली बदल्न सकिदैन । माङलको इतिहास परम्परा र विकास क्रम लामो भएकोले यसमा प्रयोग भएका भाषिक शब्दहरु पनि कोइ संस्कृत भाषाका , कोइ शब्द उर्दु प्रकृतिका हिन्दी र स्थानीय भाषाका शब्दबाट माङल निर्माण भएका छन् । कतिपय शब्दको अर्थ प्रष्ट  छैन । लय मिलाउनका लागि ती शब्दहरु बीचमा आउने गर्दछन् । ती शब्दको प्रयोगले लयमा मिठास र भाका मिललाउनका लागि सहयोग गरिरहेका हुन्छन् । जस्तैः-

शिशुवाला रायका गहना ढलायो
लोहा त लोहा परिब्या

यसरी लोकसाहित्यमा भाषाशैली महत्वपूर्ण पक्ष हो । कुनै पनि लोक साहित्य परम्परालाई जीवित तुल्याउनका लागि भाषा शैलीको आवश्यकता पर्दछ । भाषा विना साहित्य सिर्जना हुन नसक्ने ठहर विद्वान्हरूको छ । माङल पनि लोक साहित्यकै एउटा विधा भएकाले यसमा प्रयोग हुने भाषा शैली नितान्त फरक छ । धेरै भाषाका शब्दको संगमबाट माङलको निर्माण भएको मानिन्छ ।

### ५.१.४ साहित्यिकता :

माङल गीत संस्कार कर्ममा गाईने अनिवार्य गीत हो । यो मौखिक रुपमा नै जीवित छ । यसको कुनै लिखित अभिलेख पाइदैन । मङल्यारीले गाएका माङल सुनेर नै नयाँ मङल्यारीले कण्स्थ राख्छन् । यी गीतहरु संस्कार कर्ममा गाउने भएकाले विभिन्न संस्कारगत माङल फरक फरक हुन्छन् । ती माङल गीतमा धार्मिकता, मौखिक परम्परा, ऐतिहासिकता, सरलता, सामजिकता,  लोकवासीको सम्पति र भाग्य वादिता जस्ता विषयवस्तु पाइन्छन् । यी विविध

विषयवस्तुका माङलमा प्रचुरमात्रामा साहित्यिकता पाउन सकिन्छ । कतिपय माङलमा कारुणिकता, कतिपयमा माधुर्यता, कतिपयमा कौतुहलता, कतिपयमा लाक्षणिकता र अन्त्यानुप्रास, उपमा ,अन्त्यानुप्रास विहिन अलंकार  भएको माङलहरु पनि भेटिन्छन् । कतै कतै उपमा भएका माङल पनि भेट्न सकिन्छ ।

जस्तैः घुडा जोली धेकुत बालो रुवस
केलडी को थुम छ बालो रुवस
कण्डजोली मुठो छ बालो रुवस
कुमजोली धेकुत बालो रुवस
घोडाको पुङलो छ बालो रुवस

यस माङलमा प्रतिकात्मकता प्रयोग भएको पाइन्छ । बालकको शरीरको पुरै कल्पना गरिएको छ । बालकका खुट्टा केराको बोट जस्तै कम्मर धोडाको कम्मर जस्तो बलियो पिपलको पात जस्तो चिउँडो भएको आदि उपमाहरुको उदाहरण दिएका छन् ।

यसका साथै संस्कारगत माङलमा कारुणिकता, विरता, शान्त रस आदि प्रयोग भएका माङल पनि प्रयोगमा छन् । जस्तै

धौन धौन बुआमेरा पाउ छाली शिर
बुआ ज्यू का गोरु हेर्दा नाली काणा विज्या
आज बुआ मेरो कालीरात पाइतो
बुआ ज्यू का गोरु हेर्दा पाथी जउणा पण्या ।

यस माङलमा दुलहीका विवाहको बेला गोडा धुने बेलामा दुलहीले पोखेका वेदना प्रकट गरिएको छ । आफ्नो बुबाको गोरु हेर्दा धेरै काँडा बिजेको र पाथी पाथी जुम्रा परेको कारुणिकताले भरिएको छ ।

## ५.२. चाडपर्वका माङलको अध्ययन विश्लेषण

सुदूर पश्चिम चाडपर्वको धनी क्षेत्र हो । यहाँ विभिन्न समयमा विविध चाडपर्व मनाउने गर्दछन् । बझाङ्ग जिल्ला कालुखेती गा.वि.स.मा संस्कार कर्मका साथै अन्य चाडपर्वका बेला देवस्थल वा मठमन्दिरमा माङल गाउने चलन छ । सबै माङल संकलन गर्न सकिदैन । विशेष गरी यहाँका चाडपर्वहरु मध्ये विसु ,दशहरा खप्तड्या पैठि ,चैतली सिलदेवीमाईको जात्रा आदि स्थानीय चाडपर्व हुन भने त्यसका साथै दशै तिहार पनि भव्य तरिकाबाट मनाउने गर्दछन् । चाडपर्वका माङललाई पनि निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ५.२.१ विषयवस्तुका आधारमा

सुदूरपश्चिम क्षेत्रका वासिन्दाहरु वर्ष भरिमा विभिन्न प्रकारका चाडपर्वहरु मनाउने गर्दछन् । यी चाडपर्वहरुमा विभिन्न लयका माङल गीतहरु गाउने गरेको पाईन्छ । यहाँका वासिन्दाहरु बिसु, दशहरा, खप्तड्या पैठी, चैतली , शिलदेवीमाई जात्रा जस्ता चाडपर्वहरु धुमधामका साथ मनाउने गर्दछन् । यी चाडपर्वमा गाउने गीतका विषयवस्तु फरक-फरक हुन्छन् । खप्तड्यापैठीमा देवीको माङल र खापर देवताको माङल गाईन्छ र यसै गरी शिलदेवीमाईको जात्रामा देवीको विषयको गीत गाईन्छ ।

कुनै पनि चाडपर्वहरु मनाउँदा विशेषगरी देव मन्दिरमा सम्पन्न हुने हुँदा देवताका माङल गाउने गरिन्छ । सबैभन्दा पहिले देवतालाई निमन्त्रणा गरिन्छ । देवताहरु कहाँबाट कसरी त्यस ठाउँमा आए भन्ने कुराको सार माङलबाट मङल्यारीले गाउने गर्दछन् । भने अन्य क्रियाकलाप बाहिर भई राखेका हुन्छन् । नयाँ वर्ष प्रारम्भ संगै वैसाख १ गतेका विसु सक्रान्ति पर्व मनाउने गर्छन् । यस पर्वमा मान्छेलाई बाघ , वाँदर , स्याल बनाएर रङ्गाएर पानीको धाराबाट जुन ठाँउमा पर्व लाग्छ । त्यही लगेर बाघलाई छोड्ने अनि बाघ कुद्ने गर्छ । राति देउडा खेल लगाउने र रमाइलो गर्ने चलन छ । त्यस्तै मस्टा देवताका माङल गाएर खप्तड्या पैठी सम्पन्न गरिन्छ । यसरी विविध चाडपर्वमा देवता विशेषका माङललाई विषयवस्तु वनएर चाडपर्व मनाउने गर्दछन् । यी माङलले देवताको सेवा गर्नाले फल प्राप्ति हुन्छ भन्ने सन्देश पाइन्छ ।

### ५.२.२ लयका आधारमा

चाडपर्वका माङलको लय खास भिन्न हुदैन । जुन संस्कार कर्ममा गाउने गरिन्छ । त्यही लय भाकामा उही संख्यामा मङल्यारीहरुले गाउने गर्दछ । कुन देवता जेठो कुन देवता कान्छो भन्ने भावका साथ माङलको लय हुन्छ । चाड पर्वका माङलमा पनि ३ जनाको समूह हुन्छ । लयमा कुनै भिन्नता नहुने भएकाले प्राय : उनै मङल्यारीहरुले चाडपर्वका माङल गाउने गर्दछन् । चाड पर्वका माङलमा पनि झ्याउरे लय नै हुन्छ । मङल्यारीहरु भावूक मुद्रामा एक हात चिउँडामा वा गालामा राखेर गाउने गर्दछन् । मठमन्दिरमा मेला लाग्यो भने देवताको उत्पतिका माङल गाउछन् ।

जस्तै :-

स्वर्गका ओण धर्तीका पुरी दिशा
ऋखिका दय वरीपरी वनारसी माझाऋखीदय
दुधका कुण्ड दैका कुण्ड धियका कुण्ड
काँस कसको कुवेटी दैत्यका कुण्ड
मधुज वन केशरी जिउलो लुवाका खम्व
कुसुमका ढाकी कुमलुको फूल फूली
एक पात्य दुई पात्या तिन पात्या चार पात्या
पाँच पात्यामी मगम ग भैछ
तसी फूल केसरु जाम्यो
तसी कुमलु कैल जरम्यो
कैल का कैल कैस कैल
सुनका सिंङ रुपाली पाउ
तामा तुलसाको पिठी छ
चाँदीका दन्त छन् । कासाको कचौडो
सामरी पुछुड जरम्यो
दैत्य कुण्ड माली जरम्यो
शेख कुण्ड वेताल जरम्यो
मधुवन वाठपालो जरम्यो

केशरी जिउलो मालको थली
लागो देउ जरम्यो
उम्रिगयो भागो
जरम जेठा  वाठपालो
कर्म जेठो लाँगो
दशमास्या पाँठदेउ
आठमास्या लाँगो देउ
सिर जरम्यो सिर कल्यादेउ
पौन जरम्यो पमर भैसी थापो

### ५.२.३ भाषाशैलीका आधारमा

बझाङ्ग कालुखेती गा.वि.स.मा बझाङ्गी भाषाको प्रयोग हुने भएकाले यहाँको माङलमा स्थानीय भाषाका शब्दको प्रयोग बढी र कतै कतै उर्दु हिन्दी , संस्कृत , अवधि जस्ता शब्दको प्रयोग पाइन्छ । कुनै कुनै शब्दहरु लय मिलाउनका लागि प्रयोग पाइन्छ । कुनै कुनै शब्दहरु लय मिलाउनका लागि प्रयोग भएका हुन्छन् । ती शब्द स्थानीय भाषाका नभएर कुन भाषाका हुन अनुमान गर्न सकिदैन ।  खाली माङल गाउँदा लयमा प्रयोग हुदै आएका देखिन्छन् । ती विभिन्न भाषाका शब्दलाई यसरी देखाउन सकिन्छ ।

| | |
|---|---|
| कुण्ड दन्त | संस्कृत |
| कैस | हिन्दी |
| जरम्यो | स्थानीय भाषा |
| चाँदी तामा | नेपाली भाषा |

यसरी विविध भाषाको प्रयोग भए तापनि माङलको भाषामा कुनै भिन्नता ल्याएको छैन । माङलहरु भाषिक दृष्टिकोणले बहुभाषा प्रयोग भएको लोकसाहित्यको उप विधाका रुपमा मान्न सकिन्छ ।

### ५.२.४ साहित्यिकताका आधारमा

चाड पर्वका माङल विशेष गरी मठ मन्दिर र देवताका विषयमा गाइने भएकाले यसमा पनि साहित्यिकता त्यति पाइँदैन । कुन देवता कुन कुन अङ्गबाट चल्छन् । भन्ने कुरा माङलमा बताइन्छ । मस्टाका धामी भने अनेक रुपमा चल्ने पनि बताइन्छ । लाङो देवताको धामी चल्दा हात र कम्मर हल्लाउने, मस्टो देवताको धामी चल्दा टाउको हल्लाएर चल्नेकुरा बताएको छ । मस्टाकी स्रोह्र बहिनी महालिङ्गका बीच जुवा पासा खेल भएको महा लिङ्गले जिते पछि सोह्र बहिनीसँग विवाह गरी लगेकाले यस ठाउँमा हाल देखिने बहुविवाह प्रथा पनि यसै बेला देखिको गलत रुपमा प्रचलनमा आएको मान्न सकिन्छ । यसरी भिन्न भिन्न तरिकाबाट देवताहरुको जन्म भएको भन्ने कुराको आशय माङलमा पूजा सामग्री ,चामल ,पिठो , कुश, काँस , गहुँत , अक्षता, दुबो , पिपल , फलफूल आदि को नाम लिएर गाइन्छन् । साथै सामाजिक , दार्शनिक , मर्यादित एवं अनुशासित हिसावले पनि महत्वपूर्ण छन् ।

जस्तैः- इजूम अकुल्याइ लागी भ्काली
इजू यै ठउर मेरो भाग लागेइन होकी
बुआ तमरी छोरी को भाग लागेइन प
दाजु म अकुल्याई लागी भ्काली
बुआ तमरा गोरु को हेरला ।

### ५.३. अन्य विषयवस्तुसँग सम्वन्धित माङलको अध्ययन विश्लेषण

यस क्षेत्रमा संस्कारगत माङल र चाडपर्वमा गाइने माङलका साथ साथै अन्य विषयवस्तुसंग सम्वन्धित माङल पनि गाउने गरिन्छ । जस्तो पूजा आजा गर्दा , तीर्थस्थल जाँदा सत्यनारायण वर्तकथा , सप्ताह , नवाह घरको प्रतिष्ठा गर्दा घरको शिलान्यास गर्दा , कुनै नयाँ कामको थालनी गर्दा, खेतिपातीको काम गर्दा, नोकरी खोज्न जाँदा, घरको छाना छाउँदा, नयाँ अन्न खाँदा, आदि अन्य क्षेत्रका पनि माङल गाउने गरिन्छ, तर हाल त्यस्ता माङल कमै मात्रामा मात्र जीवित छन् । त्यस्ता जीवित अन्य माङलको विशलेषण यसरी देखाउन सकिन्छ ।

### ५.३.१ विषय वस्तुमा आधारित

अन्य माङलको विषय वस्तु संस्कारगत माङल र चाडपर्वका माङल भन्दा भिन्नै छ । घरको शिलान्यासको विषयलाई लिएर नाककान छेड्दा तीर्थस्थल जाँदाका विषय वस्तुमा आधारित माङल नै मान्न सकिन्छ । विशेष गरी यी माङल देवता वा संस्कारको विषयसँग सम्वन्धित नभएर जुन कार्य मान्नु पर्ने हो, त्यही विषयवस्तुमा केन्द्रित हुन्छन् । यिनको क्षेत्र छुट्टै हुन्छ । यी माङल गाउनाले कार्य सफल हुने आशा राखिएको हुन्छ । भैली खेल्दा पनि भिन्नै खालका गीत हुन्छन् । जस्तै :-

ऐलका तिरथ कै को पालो पणो वाला
ऐलेका तिरथ मेरो पालो पणो जिया
बनाउ जिया सातु सामल
झाउ वाला तिरथ विया माइखि लागी
झाउ वाला तिरथ पितर खिलाइ
मन्तालोक पितर बोलाया
गया कासि , प्रयागराज , हरीद्वार तिरथ
ईजुकी लागी हरीद्वारा
बुबा ज्यूकी लागी गया काँसी
अरु तीर्थ गयै बाला पितरखि लागी

### ५.३.२ लयका आधारमा

अन्य माङलहरु को लय भिन्न हुदैन । संस्कारगत माङल र चाँडपर्वका माङल जस्तै हु-बहु हुन्छ । मङल्यारी संख्या, लय र अवस्था एउटै हुन्छ । यस्ता अन्य अवस्थामा माङल बाहेक कारुना ( आलाप विलाप ) गर्ने गीतको भने लय छुट्टै हुन्छ । जस्तै दुलहीलाई दुहीका साथीहरुले बीच वाटो २/३ किलो मिटरसम्म पुऱ्याउन आउँछन् । त्यतिखेरको बिछोडमा कारुना (आलाप विलाप) गर्ने गर्दछन् । ती यस्ता हुन्छन् । जस्तैः-

चन्द्र सुरजे सम्भी वास्तु पुजा अरे मैले
दाइना भया चन्द्र सुरजे
मस्टा देउ सम्भी वास्तुपुजा अरेमैले
दाइना भया मस्टा देउ
गणेश र देउ सम्भी वास्तु पुजा अरेमैले
दाइना भया गणेश र देउ
तेत्तिस कोटी देउ सम्भी वास्तुपुजा अरेमैले
दाइना भया तेत्तिस कोटी देउ

यस्तै कारुना (आलाप विलाप ) को लय भने माङल भन्दा भिन्नै खालको हुन्छ । यस्ता गीत प्रायः दुलही विदाई गर्दा दुःख व्यक्त गर्दा दुलहीले, आमाले, दिदी, बहिनी, आ-आफ्नो किसिमले गाउने गर्दछन् । जस्तैः-

इजूम अकुल्याइ लागी भाली
इजू यै ठउर मेरो भाग लागेइन होकी
बुआ तमरी छोरी को भाग लागेइन प
दाजु म  अकुल्याई लागी भाली
बुआ तमरा गोरु को हेरला ।

त्यस्तै खेत खन्दा पनि एक जनाले भट्याउने अन्य व्यक्तिले हम्भाइ भन्ने गर्दछन् ।

उदाहरणका लागि

| | |
|---|---|
| ए खन खन भाइ हो | हम्भाइ |
| ए राम्रोरी खन | हम्भाइ |
| पाइला मिलाई | हम्भाइ |
| एकतारले | हम्भाइ |

यस्ता गीतले खेत खन्ने कामदारलाई जोस निकाल्ने, हौसला बढाउने र थकाई मेटाउने खालका लय मिलाउन नै यसका विशेषता हुन । भैली खेल्दाको लय छुट्टै हुन्छ ।

जस्तै : जसले देला पाथी - उसको ठुलो छाती - भैलो
जसले देला मानु - उसको सुनको छानु - भैलो

### ५.३.३. भाषाशैलीका आधारमा

अन्य माङलको भाषामा कुनै विविधता हुदैन । संस्कारगत माङल र चाडपर्वका माङल जस्तै हुन्छन् । यसमा पनि उर्दु, हिन्दी स्थानीय भाषा, संस्कृत, अवधी जस्ता शब्दहरु प्रयोग गरिन्छन् । अन्य माङलमा माङलको जस्तै आशय आए तापनि वास्तविक माङल नभै आवश्यक वस्तु माग्न, आफ्ना मनका वेदना पोख्न , हौसला , जोस प्रदान गर्न , गौरव व्यक्त गर्ने शब्दहरु बढी प्रयोग गरिएका हुन्छन् । जस्तैः- जय मंगल गाऊन लक्षिन बोलुन्नी
ऐसा सुवा सगुन दे
यस हरपमा संस्कृत , हिन्दी , बझाङ्गी उप भाषीका शब्द परेका छन् । यी शब्दले भाषाको लयमा कुनै भिन्नता ल्याएको छैन् । माङल उप विधालाई थप सहयोग पुऱ्याएको छ

### ५.३.४. साहित्यिकताका आधारमा

संस्कारगत माङल र चाडपर्वका माङल बाहेक अन्य माङलको आशय भिन्न देखिन्छ । माङलमा दुई पक्षका बीच हुने कुराकानीलाई प्रश्नोत्तरात्मक शैली तथा अन्त्यानुप्रास पाइन्छ । कतिमा अन्त्यानुप्रास पाइदैन । कति पंक्तिहरु लामा छन् , भने कति निकै छोटा छन् । यहाँको चाल चलन , रीतिरिवाज संस्कृति, परम्परा, उपदेश, भक्तिवदिता, समेटिएका माङलका आफ्नै मौलिककता छ । माङल कम दोहरिनुका साथै न्युन पुनरावृति पाइन्छ । साथै शान्त रस, वीर रस, करण रस पाइन्छ । माङलमा श्रृङ्गारिक रस भने भेटिदैन ।

उपर्युक्त माङलहरु बिभिन्न अवसर, संस्कारमा गाउने गरेकन केही अंशमात्र हुन । यी माङललाई पुरै राख्न धेरै लामो र एउटै माङलको आदि र अन्त्य लामो हुन्छ । कुनै कार्य सम्पन्न गर्दा पनि मङल्यारीले पूरै माङल गाउन भ्याउदैनन् । किन भने उता तिर कर्ता अर्को कर्ममा

प्रवेश गरिसकेको हुन्छ । यता मङल्यारीले पनि कर्म अनुसारको गीत गाउनु पर्ने भएकाले त्यहि माङलको गीत गाउछन् । तर उनीहरुलाई पूरै माङल गीत कण्ठस्त हुन्छन ।

माङल यस गाविसमा मात्र नभएर सुदुपश्मिमै गाउने गर्दछन् । यी माङलको लय एउटै भएता पनि कुनै एउटै माङल गाउनु पर्ने भएमा त्यस माङलको सुरुवात बाटै गाउनु पर्ने हुन्छ । जुनसुकै कर्म सम्पन्न गर्दा माङल गाउनु पर्ने हुन्छ । सबै माङलको सुरुवातमा गाउने माङल एउटै हुन्छ । त्यो माङल गाई सकेपछि हाँगा फाट्छ । कुन कर्म गर्न थालिएको हो, त्यही कर्म अनुसारको माङल गाउने गरिन्छ । त्यसका शब्द, भाव साहित्यिकता, व्याङग्यात्मकता रस सवै फरक फरक पाउन सकिन्छ । जस्तै अन्य विषयवस्तु सँग सम्बन्धित गीत

इजूम अकुल्याइ लागी भ्फाली
इजू यै ठउर मेरो भाग लागेइन होकी
बुआ तमरी छोरी को भाग लागेइन प
दाजु म  अकुल्याई लागी भ्फाली
बुआ तमरा गोरु को हेरला ।

यस्तै अन्य पर्वमा भिन्न लयका माङल गाउने पनि गरिन्छ । बिशेष गरी कालुखेती गाविसमा भस्सो (भुवो) भन्ने चलन छ । विशेष गरी पुरुषहरु मात्रै ढाल र तरबार खेलाएर खेल्ने गर्दछन् । प्रत्येकका घर आँगनमा गई शिष्ट भद्र तरिकाले घुम्दै खेल्छन । यसमा दुई तीन जनाको समूहले भट्याउने अन्यले भस्सीरे भस्सी भन्ने गर्दछन् ।
जस्तै उदारणको रुपमा लिन सकिन्छ ।

ए पइलो भुवो - भस्सीरे भस्सी
इ माथि मन्तालोक- भस्सीरे भस्सी
वाहै भुवो- भस्सीरे भस्सी
इन्द्रका वारा- भस्सीरे भस्सी
वाहै भुवो - भस्सीरे भस्सी
पाताल आयो - भस्सीरे भस्सी

यसरी भुवालाई विभिन्न ठाँउवाट ल्याउदै भुवा खाणा सम्म ल्याँउछन् । जसमा यो खेलिन्छ । त्यसलाई (भुवाखाणो) भनिन्छ ।

परिच्छेद - छ

# उपसंहार

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र सेती अञ्चल बझाङ जिल्लाको कालुखेती गा.वि.स लाई एउटा ऐतिहासिक र पर्यटकीय स्थल मान्न सकिन्छ । यो गा.वि.स बझाङ जिल्लाको मध्य तथा १ नम्बर क्षेत्रको माथिल्लो भागको खप्तड राष्ट्रिय निकुञ्जसंग जोडिएको छान्ना क्षेत्रको माथिल्लो भाग पूर्वतिर पर्छ । यस गा.वि.स मा विशेष गरी जोशी, सिंह, थापा, सुतार, कार्की, लुहार, दमाई जातिका मानिसहरुको बसोबास छ । यस गा.वि.स को सिमानामा खापरमाण्डौको मन्दिर रहेको छ । गा.वि.स भवन रहेको ठाउँलाई कालुखेती भनिने हुँदा यस ठाउँमा पहिले मलिलो कालो माटो भएको अनुमान गर्न सकिन्छ । यस गा.वि.स लाई शोधपत्रको विषय क्षेत्र बनाइएको छ । यस गा.वि.स मा एउटा उच्च मा.वि. तीन वटा प्रा.वि छन् । हाई स्कूल र नि.मा.वि पढ्नका लागि अन्य वडाका बासिन्दाले कालुखेतीमा नै जानुपर्ने बाध्यता छ ।

यस गा.वि.स को छेउ छाउमा मनोरम जङ्गलको दृश्य छ र यहाँ विभिन्न जातिका चराचुरुङ्गि पाइन्छन् । यस गा.वि.स एउटा टेलीफोन सेवा छ । रोजगार पाएका व्यक्तिले निजी सि.डि.एम.ए फोन मोवाइल र सोलार राखेका छन् । यस वडामा प्रायः कृषि बालीमा धान, गहुँ कोदो गहत, मास, मकै भटमास, जौं लिट्टे आलु पिडालु आदि खाद्य वस्तु लगाइन्छ । यस गा.वि.स मा रहेका विभिन्न वडामा मठ मन्दिर रहेका छन् । यहाँ विभिन्न किसिमका चाड पर्व मेला लाग्ने गर्दछन र त्यहाँ विभिन्न देवताका माङल गाउने प्रचलन पनि छ ।

बझाङ्ग कालुखेतीका माङल अध्ययनबाट पुरै नेपाली लोकसाहित्यको स्थान माथि उठाउन सहयोग पुग्ने देखिन्छ । यहाँका माङलमा आफ्नो पन छ । स्थानीय भाषाको रङ छ, सरलता छ, माधुर्यता छ, नैतिक उपदेशात्मकता छ धार्मिकपन छ । यहांका लोकगीतहरु मौखिक रुपमा हस्तान्तरण हुदै आएका छन् । माङल कर्ताले कार्य सम्पन्न गर्दा कुनै विघ्न बाधा न आओस् भन्नका  लागि र फल मिलोस् भनी सधवा वा विधवा आइमाइले गाउने गर्छन । यहाँका माङलमा मानोरञ्जनत्मकता भन्दा धार्मिकता बढी पाइन्छ । यिनी माङलले आर्थिक, आस्था, चाल चलन ,रहनसहन लोक विश्वास परम्पराको चित्र कोरेको छ ।

माङल लोक जीवनलाई सुव्यवस्थित र संगठित पार्न उपयोगी बन्नुका साथै सामाजिक, दार्शनिक, मर्यादित, अनुशासित हिसाबले समेत महत्वपूर्ण छन् । चाडपर्वका माङलमा व्यक्ति स्वयं सहभागी भएर गाउँछ । धेरै जसो माङलमा काम गर्ने व्यक्ति, आमा, बुवा, देवी, देवता बीचका कुराकानीलाई माङलको विषय बनाएको हुन्छ ।

विशेष गरी माङलहरुले ब्रह्मा, विष्णु, महेश्वर-चन्द्र सूर्य वरुण देवता आदि देवताहरु र पितरलाई खुसी पार्न पटक पटक आह्वान गरिएको पाईन्छ । कतिपय माङलहरुमा

काल्पनिकताको प्रसंग बढी भेटिन्छ साथै कन्यादान पछि आमा बुबाको घरलाई गयाँ, कासी र प्रयाग जस्ता तीर्थ स्थल भएकोले भारतका तीर्थ स्थलमा जानु जरुरी नभएको पनि माङलमा भेटिन्छ । माङल दुई पक्षका वीचमा भएको प्रश्नोत्तरात्मक शैली तथा अन्त्यानुप्रास अलंकार भेटिन्छ । कति माङलमा अन्त्यानुप्रास छैन । कति पय पङ्क्ति लामा छन् भने कतिपय पङ्क्ति छोटा छन् । सबै विषयवस्तु समेटिएका यी माङलमा मौलिकता छ ।

माङलमा विभिन्न साहित्य रस खासगरेर शान्त, करुण, वीर जस्ता रसहरु पनि भेटिन्छन् । यी माङलमा न्यून पुनरावृति पाइन्छ । माङलहरुमा अरु रस भेटिए तापनि श्रृङ्गार रस भने छैन । माङलमा प्रंत्येक देवताको नामका साथै अनेक प्रकारका पूजा साम्रागीहरुको नाम नै पुकारेर माङल गाइन्छ । मन्दिरमा देवी देवतालाई खुशी पारेर केही फल माग्नु पर्ने हुँदा फाग, माङल गाउनु पर्ने हुन्छ । फाग माङलालाई देवतालाई फकाउन गाउने मङ्गल गीत हो । यी दुवैलाई सगुन मान्न सकिन्छ । दुवैको आसय एउटै हुन्छ । आकारका दृष्टि कोणले फाग लामा हुन्छन् भने माङल छोटा हुन्छन् । माङलहरु कार्य अनुसारका हुन्छन् । फाग देवताका लीला हुन् । माङल नारी गीत हो, फाग पुरुषले गाउने गीत हो । माङलमा प्रश्नोत्तरात्मक शैली अर्थात कुराकानी गराई शैली हुन्छ । तर फागमा एकोहोरो गाथा हुन्छ ।

बझाङ्ग कालुखेतीका अशिक्षित महिलाहरुले माङल कठ्स्थ सुनाउने गर्दछन् । ती नारीहरुलाई वेद र माङलका हरफलाई वेदका ऋचा मान्न सकिन्छ । लामो र मिठा स्वर भएका महिलाहरु माङल गाउने भएकाले मङल्यारी भनिएको हो । यी माङलहरु मौखिक रुपमा जीवित रहेका छन् । यहाँका माङललाई आधार मानेर यस शोध पत्रमा माङलको वर्गीकरण, विशेषता ऐतिहासिकता, धार्मिकता ,सामाजिक अवस्थाको परिचय गराउने काम तथा परिभाषा केलाउने कार्य गरेको छ । जसले गर्दा भविष्यमा लोकसाहित्य र माङलको अध्ययन गर्न चाहने व्यक्तिलाई सजिलो पार्नुका साथै लोकसाहित्यका अन्य विधाका क्षेत्रमा अध्ययन गर्ने अध्यताहरुका लागि समेत सहयोगी बन्न सक्छ ।

समग्र रुपमा यस ठाउँका सबै माङलको आशय बुझ्दा आफूलाई आवश्यक बस्तु माग्नका लागि दातालाई खुसी पार्न मांङल गाएको देखिन्छ । कतिपय सस्कारगत माङल दुई पक्षका बीच भएको कुराकानीलाई  गीतका भाषामा बोलेको र कामको मंङ्गलको कामना गर्नुका साथै चाडपर्वका मांङलमा आफूलाई आवश्यक बस्तु माग्न अनुरोध गरेको तथा देवताको वर्णन गरेको देखिन्छ । अन्य माङलहरुमा माङलको जस्तै आशय आए पनि वास्तविक माङल नभई आवश्यक बस्तु माग्न देवताको सेवाकालागि वा देवताबाट सहयोग लिन अनुरोध गरेका शब्द

मात्र प्रयोग भएका छन् । त्यसैले यस क्षेत्रका माङल आफूलाई आवश्यक बस्तु देवताबाट माग्न गाएको देखिन्छ । माङल अर्कालाई खुसी पारी आवश्यक बस्तु माग्न गाइने शुभ गीतका रुपमा लिने गरिन्छ । दातालाई खुसी नपारे सम्म उसले कुनै चिजबस्तु नदिने हुँदा उसको बारेमा राम्रा र मीठा शब्द ओकल्नु पर्ने हुन्छ । त्यसपछि मात्र दाता खुसी भएर आफूसँग भएको बस्तु दिने गर्दछ । देवतासँग नभएको बस्तु केही हुदैन भन्ने सोचले यस मानवले पुरा गर्न नसक्ने बस्तु माग्न यस क्षेत्रका लोक वासी माङल गाएर देवताको पूजा गर्ने गर्छन् । यसो गर्नाले यहाँका बासिन्दा आत्मसन्तुष्टि मिलेकै अनुभव गर्दछन । त्यसैमा बढी विश्वास पनि गर्दछन ।

माङलमा विभिन्न साहित्य रस शान्त, करुण, वीर जस्ता रसहरु पनि भेटिन्छन् । यी माङलमा न्यून पुनरावृति पाइन्छ । माङलहरुमा अरु रस भेटिएता पनि श्रृङ्गार रस भने छैन । माङलमा प्रंत्येक देवताको नाम साथै अनेक प्रकारका पूजा साम्रागीहरुको नाम नै पुकारेर माङल गाइन्छ ।

मन्दिरमा देवी देवतालाई खुशी पारेर केही फल माग्नु पर्ने हुदा फाग, माङल गाउने पर्ने हुन्छ । फाग माङलालाई देवतालाई फकाउन गाउने मङ्गल गित हो । यी दुवैलाई सगुन मान्न सकिन्छ । दुवैका आसय एउटै हुन्छ । आकारका दृष्टि कोणले फाग लामा हुन्छन् भने माङल छोटा हुन्छन् । माङलहरु कार्य अनुसारका हुन्छन् । फाग देवताका लिला हुन् । माङल नारी गीत हो, फाग पुरुषले गाउने गीत हो । माङलमा प्रश्नोत्तरात्मक शैली कुराकानी गराई शैली हुन्छ । तर फागमा एकोहोरो गाथा हुन्छ ।

(क) **परिशिष्टाङ्क**

## बझाङ्गी उपभाषिकाको शब्द भण्डार

यस शोध पत्रमा भएका बझाङ्गी उपभाषिकाका शब्दहरु सबैले बुझ्न नसक्ने भएकाले यस शोध पत्रमा समेटिएका बझाङ्गी भाषिकाका शब्दहरुको अर्थ प्रस्ट होस् भनेर नेपाली भाषामा अर्थ दिने प्रयास गरिएको छ ।

अ

असाण - असार

आ

आजु- आज

आयाँ- आएँ

आर्जनु- आर्जन

इ

इजु- आमा

उ

उइलै-उहिल्यै

उज्याली-उज्यालो, प्रकाश

ओ

ओण-वर

ओटाली-वैठक कोठा

क

केलणी-केरा

कालीरात- अध्यारो रात

कुटुरी-कुटिरो

कसु-कुन

ख

खम्व-खम्बा

ग

गमेणी-भँगेरा

गोडाउनी-गोडमेल

घ

घिय-घ्यु

च

चेली-छोरी

चौण-चहुर,चौर

चल-जाऊ

चाइया-चाहिए

छ

छोण-छेउ

छाँस-मही

छुरुपाली-छुरा

ज

जरमन-जन्म

जोली-जोर

जताइ-बताउन

जिया-आमा

झ

झाँदा-जान्छु

ड

डिलनी-ओदान

डिढ-नजर

ढ

ढाटै-नफक्रेको

त

तेराई-तिम्रो

तलम्मा-तलतिरबाट

तेसइ-त्यसै

तोणी-भाँच्नु

द

दलइ-दुलही

ध

धौन-धुनु

न

नेता-मदानीको डोरी

नाइप-छैन

नौना-नौनी

निउता-निमन्त्रणा

प

पखान-भीर

पात्यामी-पातमा

फ

फेराउन्नी-घुमाउलीन

ब

बालो -बालक

बोलु-भनाई

बयाल-हावाले सुसेल्नु

भ

भाउल्या-भाइ

माथा-टाउको

मुथी-माथि

मुरे-म त

र

रसिया-चुल्हो

ल

लोहा-फलाम

लगुन-लगन

ल्वाखे-फलामे

व

वाइरे-वही

स

सुरिजे-सूर्य

ह

हिरौतो-औंठी

हण-शरीर

हामे-हामी

# सन्दर्भग्रन्थसूची


❖ चटौत, आर.डी ., ʻडोटेली बृहत शब्दकोश' काठमाडौं : बेलु विश्व स्मृति प्रतिष्ठान पृष्ठ ६४०, २०५८ ।

❖ जोशी, उमा, मौलाली सेलागाँउबाट साभार ।

❖ कुन्तक, ʻवक्रोक्ती जीवितम' आचार्य, विश्वेश्वर सिद्धान्त शिरोमणि व्याकरण दिल्ली आत्माराम एन्ड सन्स, २०१२ ।

❖ डा. उपाध्याय, कृष्णप्रसाद 'लोकसाहित्यको भूमिका ' इलाबाद सहित्य प्रा. लि., पृ. २४, १९९५ ।

❖ आचार्य, गोबिन्द ʻराप्ती लोकसहित्य' काठमाडौं : पैरवी प्रकाशन, पृ. ४०, २०६३ ।

❖ डा. बन्धु, चुडामणि ʻनेपाली लोकसाहित्य' काठमाडौं : एकता बुक्स पाचौं संशोधन, २०५८ ।

❖ पन्त, जयराज ʻअजुलीभरी सगुन पोल्ठा भरी फाग' काठमाडौं ने.रा.प्र.प्र, २०५५ ।

❖ श्रेष्ठ, तेजप्रकाश ʻअछामी लोकसाहित्य' काठमाडौं रत्न पुस्तक भण्डार, २०४४ ।

❖ पन्त, देवकान्त ʻडोटेली लोकसाहित्य एक परिचय' काठमाडौं नेपाल र एशियाली अध्ययन संस्थान, २०३२ ।

❖ जैशी, देवी चन्द ʻसुर्मोपाख्यान' कञ्चनपूर महाकाली छापाखाना.।

❖ थापा, धर्मराज र सुवेदी हंसपुरे ʻनेपाली लोकसाहित्यको विवेचना' काठमाडौं पा.वि.के., त्रि.वि., पृ. ३, २०४१ ।

❖ तिमिल्सेना, नारायण प्रसाद फागुन ʻसंस्कार गीतका रुपमा दैलेखी माङलको विवेचना' गरिमा वर्ष २४ अंक ३ पृ ११९ देखि १२६, २०६२ ।

❖ ʻनेपाली वृहत शब्दकोश' पुनः मुद्रण सम्पादक वासुदेव त्रिपाठी काठमाडौं ने.रा.प्र.प्र., पृ ९०९, २०५२ ।

❖ नेपाल, पुर्णप्रकाश ʻसेतीका तारा विराटनगर' हिमाली सौगात प्रकाशन पृ. ६९, २०३४ ।

❖ चालिसे, विजय ʻडोटेली लोकसंस्कृतिक र साहित्य' काठमाडौं : साझा प्रकाशन, २०३९ ।

❖ शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र ʻनेपाली गद्य भाषा साहित्य र इतिहास' काठमाडौं : नविन प्रकाशन पृ १२८, २०५७ ।

❖ थापा, मोहन हिमांशु 'साहित्य परिचय' काठमाडौं : साभा प्रकाशन चौ.सं. पृ. २, २०५१ ।

❖ ओभा, रामनाथ 'लोकसाहित्य' काठमाडौं : स्टुडेन्टस तेस्रो स.पृ.३६, २०६२ ।

❖ दर्नाल, रामसरण 'नेपाली संगीत संस्कृति' काठमाडौं ने.रा.प्र.प्र पृ. ४१, २०५५ ।

❖ आचार्य, ब्रतराज 'हाम्रो भाषा' प्रकाशन व्रतराज आचार्य महाराजगन्ज सुनधारा प्रिन्टिङ प्रेस ललितपुर दोस्रो संस्करण पृ. ६४, २०४८ ।

❖ डा. रोहतगी, सरोजनी ई.स. 'अवधिका लोकसाहित्यक' दिल्ली नेशनल पब्लिसिङ हाउस पृ ३, १९७१ ।

❖ खड्का, श्याम 'बभाङ्ग किंवदन्ति र इतिहास' काठमाडौं मान.व. सिंह पहाडी ।

❖ डा. अधिकारी, हेमाङ्गराज 'प्रयोगात्मक नेपाली शब्दकोश' काठमाडौं विद्यार्थी प्र.प्रा.लिं पृ ७९५ दोस्रो संस्करण, २०६३ ।

❖ पण्डित, तुलसी, **'बभाङ्ग जिल्ला व्यासी गा.वि.स. का माङलको सङ्कलन र विश्लेषण',** शोधपत्र, २०६५ ।